मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## सामाजिक सञ्जालका सूचना चिन्न आवश्यकः सञ्चारमन्त्री

समाचार पृष्ठ ५ मा



वर्ष ४ | अंक १५१ | २०८३ साल वैशाख ०७ गते सोमबार | Monday 20, April 2026 | सूर्योदय: बिहान ०५:३९ बजे | सूर्यास्त: साँझ ०६:३० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## १३ वर्षको अन्योल अन्त्यः

# वीरगंजको मुख्य सडक विस्तार तीव्र, अतिक्रमणमाथि डोजर







**हरिशंकर शर्मा**

वीरगंजको दीर्घकालीन अन्योल अन्त्य गर्दै त्रिभुवन राजपथअन्तर्गत पर्ने मुख्य सडक विस्तार कार्य आइतबार बिहानदेखि तीव्र रुपमा सुरु गरिएको छ। करिब १३ वर्षदेखि विभिन्न विवाद र अदालती प्रक्रियाका कारण रोकिएको योजना अन्ततः सर्वोच्च अदालतको फैसलापछि कार्यान्वयनमा आएको हो।

जिल्ला प्रशासन कार्यालय पर्साको नेतृत्वमा बिहानैदेखि सडक सीमाभित्र परेका अतिक्रमित संरचना हटाउने अभियान थालिएको हो। प्रशासनले शनिबार साँझ नै सूचना जारी गर्दै आइतबार बिहान साढे ४ बजेसम्म सडकको दायाँ–बायाँ २५÷२५ मिटर क्षेत्र खाली गर्न निर्देशन दिएको थियो। सोही निर्देशनअनुसार डोजर र एक्साभेटर प्रयोग गरी घर, टहरा तथा अन्य संरचनाहरू हटाउन सुरु गरिएको छ।

प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद दाहालका अनुसार नेपाल–भारत मितेरी पुलदेखि गण्डक चोकसम्म केन्द्ररेखाबाट दुवैतर्फ २५ मिटरभित्र पर्ने सम्पूर्ण संरचना हटाइँदैछ। सडक विस्तारलाई तीव्रता दिन भन्सार क्षेत्र, घण्टाघर, मुर्ली र चिनी मिल आसपासका स्थानमा एकैसाथ काम अघि बढाइएको छ। सडक डिभिजन कार्यालय हेटौँडाका अनुसार विस्तार कार्यलाई प्रभावकारी बनाउन पाँच स्थानबाट समानान्तर रूपमा काम भइरहेको छ, जहाँ करिब एक दर्जन उपकरण



परिचालन गरिएको छ। सुरक्षाको दृष्टिले ठूलो संख्यामा प्रहरीसमेत खटाइएको छ।





वीरगंज महानगरपालिका, सडक डिभिजन कार्यालय, स्थानीय प्रशासन तथा सुरक्षानिकायबीच समन्वय गरेर अतिक्रमण हटाउने कार्य अगाडि बढाइएको छ। प्रशासनले चरणबद्ध रूपमा संरचना हटाउँदै सडक विस्तार अभियानलाई निरन्तरता दिने जनाएको छ। यो योजना लामो समयदेखि अदालतमा विचाराधीन रहेकाले कार्यान्वयन हुन सकेको थिएन। २०७६ सालमा वीरगंजका विभिन्न घरधनीहरूले सडकको दायाँ–बायाँ २५–२५ मिटर विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

मुआब्जा तथा वैकल्पिक व्यवस्थाको माग गर्दै दायर ती रिटहरूमा जग्गा प्राप्ति ऐन, २०३४ र सार्वजनिक सडक ऐन, २०३१ अनुसार प्रक्रिया नअपनाइएको दाबी गरिएको थियो। तर २०८१ फागुन २८ गते न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले पाँचवटै रिट खारेज गर्दै सरकारको पक्षमा फैसला सुनाएपछि योजना कार्यान्वयनको बाटो खुलेको हो। हाल उक्त फैसलाको पूर्ण पाठसमेत सार्वजनिक भइसकेको छ।

विस्तारपछि गण्डक चोकदेखि पावर हाउस चोक, घण्टाघर चोकदेखि आदर्शनगर, रजतजयन्ती चोक हुँदै शंकराचार्य गेट पार गरी मितेरी पुलसम्मको मुख्य सडक फराकिलो बनाइनेछ। यसले वीरगंजको मुख्य यातायात प्रणालीलाई व्यवस्थित, सुरक्षित र आधुनिक बनाउने अपेक्षा गरिएको छ। यता सडक विस्तारको सुरुवातसँगै व्यापारीहरू आक्रोशित बनेका छन्।

अचानक रातारात पसल खाली गर्न निर्देशन दिंदा आफूहरू ठूलो मारमा परेको उनीहरूको गुनासो छ। पर्याप्त समय नदिई संरचना हटाउँदा व्यापार धरासायी हुनुका साथै लगानी डुबेको उनीहरूले बताएका छन्।

अर्कोतर्फ, स्थानीय राजनीतिकर्मी तथा समाजका अगुवाहरूले भने यो कदमलाई वीरगंजको विकासतर्फको ऐतिहासिक उपलब्धिका रूपमा लिएका छन्। बढ्दो जनसंख्या र साँघुरिँदै गएको सडकका कारण अवरुद्ध विकासलाई अब गति मिल्ने विश्वास व्यक्त गर्दै उनीहरूले सार्वजनिक जग्गामा बनेका संरचना हटाउनु उचित भएको बताएका छन्। 'वैभव वीरगञ्ज' को परिकल्पना साकार पार्न सडक फराकिलो अपरिहार्य रहेको उनीहरूको भनाइ छ। यससँगै, लामो प्रतीक्षापछि सुरु भएको यो सडक विस्तार अभियानले वीरगंजको भविष्यलाई नयाँ दिशा दिने अपेक्षा गरिएको छ।

# सडक विस्तारले विद्युत अवरुद्ध जनजीवन प्रभावित



वीरगंजमा सडक विस्तार हुन थालेपछि विधुत सेवा अवरुद्ध भएको कारण जनजीवन प्रभावित भएको छ। विद्युत अवरुद्ध भएपछि वीरगंज क्षेत्र पानीको अभावका काकाकुल बनेको छ। सडक विस्तारको बहानामा इन्टरनेट सेवा प्रदायकहरूले सेवा अवरुद्ध गरेपछि यहाँका बासिन्दाहरूको सञ्चार सम्बन्ध समेत विच्छेद भएको छ।

नेपाल टेलिकम र एनसेलको फोर जी सेवा समेत अवरुद्ध भएको छ। इन्टरनेट सेवा अवरुद्ध हुँदा वीरगंजका रेडियो, पत्रपत्रिकालगायतका सञ्चार संस्थाहरूले समाचार प्रवाह गर्न समस्या परेको छ। प्रचण्ड गर्मीको समयमा विजुली पानी र सञ्चार जस्ता अति आवश्यक सेवा अवरुद्ध हुँदा वीरगंजवासी तनावमा छन्।

सडक विस्तार गर्नु पूर्व अपनाउनु पर्ने पूर्व तयारी हुन नसकेको र सेवा प्रदायक संस्था तथा इकाइहरूले समेत सो अनुरुप तयारी नगरेको भन्दै नागरिक स्तरमा आक्रोश देखिएको छ। पानी उत्पादनक कम्पनीहरूले विजुली अभाव र डिजेलमा चर्को मुल्य भन्दै पानी उत्पादन गर्न छोडे पछि नगर क्षेत्रमा ड्रि«ङकिङ वाटर समेत किन्न पाइरहेको छैन।

विजुली, पानी, सडक र सञ्चार समेत अवरुद्ध हुँदा सरकार सम्बेदनसिल नभएको पीडित नागरिकको गुनासो छ।

# बाइपास सडक विस्तार कार्यपनि तत्काल सुरु हुने




वीरगंज महानगरपालिकाले बाइपास क्षेत्रको सडक विस्तार कार्य पनि तत्काल सुरु हुने जनाएको छ। महानगरपालिकाले आइतबार एक सूचना जारी गर्दै वडा नम्बर १२ र १३ को सिमानामा पर्ने नेपाल आयल निगम क्षेत्रीय कार्यालयदेखि मुर्ली चोकसम्मको सडक विस्तार कार्य अघि बढाइएको जनाएको हो। महानगरपालिकाका अनुसार उक्त सडक खण्डको केन्द्र रेखाबाट दायाँ–बायाँ पाँच–पाँच मिटर गरी कुल १० मिटर सडक चौडा बनाउने योजना अन्तर्गत काम भइरहेको छ। नेपाल आयल निगम कार्यालयदेखि सबाह अन्सारीको घरसम्मको भागमा सडक विस्तार कार्य सम्पन्न भइसकेको छ भने बाँकी खण्डमा अब विस्तार गरिने जनाइएको छ।

यसअघि मिति २०८१ माघ १३ गते नै सार्वजनिक सूचना जारी गरिएको भएपनि विभिन्न कारणले सडक विस्तार कार्य अवरुद्ध हुँदै आएको थियो। अहिले भने महानगरपालिकाले पुनः सूचना प्रकाशित गर्दै बाँकी क्षेत्रको अवरोध हटाउन आग्रह गरेको हो। महानगरपालिकाले जारी सूचनामा सबाह अन्सारीको घरदेखि मुर्लीं चोकसम्म सडकको दायरा भित्र पर्ने भवन तथा संरचनाहरू २४ घण्टाभित्र खाली गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको छ। सोमबार दिउँसो ३ बजेसम्म तोकिएको समयभित्र संरचना हटाउनुपर्ने उल्लेख गरिएको छ। प्रमुख प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिल कुमार कर्णले सडक विस्तार कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सबै सरोकारवालालाई सहयोग गर्न आग्रह गरेका छन्। महानगरपालिकाले औद्योगिक तथा व्यापारिक शहर वीरगंजलाई व्यवस्थित र सुसंस्कृत बनाउने लक्ष्यअनुसार पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको जनाएको छ।

डिजिटल ठगीबाट सावधान !

हिजो आज डिजिटल रुपमा हुने ठगीका घटना बढेका छन्। बैंकको के.वाई.सी विवरण अपडेट गर्ने भन्दै फोन गरेर वा एस.एम.एसमा लिंक पठाएर ठगीको प्रयास गर्ने गरेको पाइएको हुँदा आफ्नो ओटीपी, पिन नम्बर, पासवर्ड आदि कसैलाई नदिनुहोला।

वित्तीय सचेतनाका लागि सांग्रिला डेभलपमेन्ट बैंकको पहल




सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.



वीरगंजको दीर्घकालीन अन्योल अन्त्य गर्दै त्रिभुवन राजपथअन्तर्गत पर्ने मुख्य सडक विस्तार कार्य आइतबार बिहानदेखि तीव्र रुपमा सुरु गरिएको छ । करिब १३ वर्षदेखि विभिन्न विवाद र अदालती प्रक्रियाका कारण रोकिएको योजना अन्ततः सर्वोच्च अदालतको फैसलापछि कार्यान्वयनमा आएको हो । जिल्ला प्रशासन कार्यालय पर्साको नेतृत्वमा बिहानैदेखि सडक सीमाभित्र परेका अतिक्रमित संरचना हटाउने अभियानको क्रममा देखिएका दृष्यहरु । तस्विर ः जाकिर हुसेन

# कोरलानाका जोड्ने कागबेनी–छुसाङ सडक स्तरोन्नति गरिँदै



**मुस्ताङ।**
छिमेकी मुलुक चीन र भारतलाई जोड्ने कालिगण्डकी करिडोरअन्तर्गत
बेनी–जोमसोम–कोरला सडक आयोजनाले मुस्ताङको कागबेनी–छुसाङ खण्डको तीव्रगतिमा कालोपत्र तथा स्तरोन्नति गरिरहेको छ । हिउँदयामको अत्यधिक चिसो, हिमपात र गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण रोकिएको कोरला नाका जोड्ने कागबेनी–छुसाङ खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएको हो। नौ दशमलव आठ किलोमिटर रहेको उक्त खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ । आयोजना कार्यालयले मुस्ताङको थासाङ–४ घाँसाबाट कोरला नाका र मुक्तिनाथ जोड्ने गरी कागबेनीसम्मको करिब ९८ प्रतिशत सडक कालोपत्र सम्पन्न गरिसकेको छ। नेपाल–चीन उत्तरी कोरला नाकासम्मको सडकलाई आवश्यक स्तरोन्नतिसहित कालोपत्र गर्ने आयोजनाको लक्ष्य छ । सोही लक्ष्यलाई अघि बढाउनका लागि गत वर्ष सङ्घीय सरकारले बजेट विनियोजन गरेको थियो।

मुस्ताङको कोरला नाका जोड्ने कागबेनी–छुसाङ खण्डको कालोपत्रसहित सडक विस्तार गर्न आयोजनाले गत वर्षको २६ असारमा टक्सार इफ्फाटा÷बुद्ध जेभी कन्ट्रक्सनसँग रु २८ करोड ८७ लाख ९६ हजार लागतमा ठेक्का सम्झौता गरेको आयोजना कार्यालयले जनाएको छ । उक्त सडकलाई कालोपत्रसहित थप स्तरोन्नति गर्ने गरी दुई वर्षको सम्पन्न गरिसक्नुपर्ने अवधि तोकिएको छ।

ठेक्का सम्झौताअनुसार कागबेनी–छुसाङ सडक विसं २०८४ असार २४ गतेसम्म सम्पन्न गरिसक्नुपर्ने समय तोकिएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिए । गत असारको अन्तिममा ठेक्का सम्झौता भएको उक्त सडकको स्तरोन्नति कार्य चालु आवको साउनदेखि सुरु गरिए पनि प्रतिकूल मौसम र निर्वाचनका कारण पाँच महिना रोकिएको उनले बताए।

आयोजना प्रमुख शर्माले हिउँदयाम सकिएर गर्मीयाम सुरु भएसँगै निर्माण कम्पनी सडक निर्माणको कार्यस्थलमा फर्किएको बताए । उनका अनुसार निर्माणाधीन कागबेनी–छुसाङ खण्डको हालसम्म २० प्रतिशत भौतिक प्रगति भएको छ । करिब ११ मिटर चौडा सडक रहने गरी आठ मिटर चौडा कालोपत्र सडक निर्माण गरिने उनले जानकारी दिए।

कोरला नाका जोड्ने कागबेनी–छुसाङ सडकखण्डको बारागुङ मुक्तिक्षेत्र–३ ताङ्वे क्षेत्रमा कालोपत्र सडक स्टक्चरको काम भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सागर श्रेष्ठले जानकारी दिए।

सडक स्तरोन्नतिका लागि उक्त खण्डमा पाँच हजार घनमिटर ग्याबिनवाल र दुई हजार घनमिटर रिटेर्निङ वाल लगाउने कार्य सकिएको उनले बताए । सडकको ग्रेड मिलाउने, आवश्यक स्थानमा ड्रेन निर्माण, ग्याबिनवाल र रेटेर्निङ वाललगायत काम भइरहेको छ।

इन्धनको मूल्य घटेर आपूर्तिमा सहज भएमा पाँच महिनाभित्र कागबेनी–तोङ्वेसम्मको सडकमा कालोपत्र सम्पन्न गर्ने लक्ष्य रहेको निर्माण कम्पनीका प्रतिनिधि श्रेष्ठले जानकारी दिए । उनका अनुसार कागबेनी–छुसाङ सडकको कामलाई तोकिएको समयमा सम्पन्न गर्न दैनिक ८० जनाभन्दा बढी जनशक्ति परिचालन भइसकेको छ।

‘सडकको स्टक्चर निर्माण तथा कालोपत्र गर्न आवश्यक उपकरण र क्रसरको व्यवस्था गरिसकेका छौँ, जतिसक्दो छिटो निर्माणलाई तीव्रता दिइनेछ’, प्रतिनिधि श्रेष्ठले भने, ‘हिउँदयाममा चिसोका कारण काम गर्न सकिँदैन, यहाँ काम गर्ने भनेको सात महिना मात्रै हो ।’ यहाँको बारागुङ मुक्तिक्षेत्र–३ स्थित कागबेनी–छुसाङ सडकखण्डमा गत असार र साउन महिनाको बाढीपहिरोले आशिंक क्षति पु¥याएको थियो । बाढीपहिरोले उक्त सडकको केही स्थान भाँसिएको ् छ भने केही स्थानमा सडकको बेसमा क्षति पुगेको छ।

नेपाल–चीन बहुचर्चित उत्तरी कोरला नाकासम्मको सडकलाई थप स्तरोन्नतिसहित कालोपत्र गर्ने लक्ष्यसहित छुसाङ–घमी र घमी–कोरला खण्डलाई दुई चरणमा गरी प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कनसमेत सम्पन्न भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत अर्थ मन्त्रालयले कोरला नाकासम्मको सडकमा कालोपत्रका लागि बजेट विनियोजन हुन सकेमा उपल्लो मुस्ताङको सडकमार्ग निकै सहज हुने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गरे । आयोजनाले छुसाङ–कोरला सडकलाई कालोपत्रसहित स्तरोन्नति गर्न करिब रु पाँच अर्बभन्दा बढी लागत लाग्ने अनुमान गरेको छ। रासस

# ‘पूर्वसूचना प्रभावकारी भएमा विपद्मा क्षति न्यूनीकरण गर्न सकिने’

**काठमाडौँ ।**
विपद्जन्य घटनाको पूर्वसूचना प्रभावकारी बनाउन सके विपद्को क्षति न्यूनीकरण गर्न सकिने सरोकार भएका निकायका प्रतिनिधिहरूले बताएका छन् । आइतबार काठमाडौँमा पूर्वसूचना प्रणालीको राष्ट्रिय कृत्रिम घटना अभ्यासअन्तर्गत तीनदिने अभ्यास कार्यक्रमको उद्घाटनका अवसरमा सहभागीहरूले यस्तो बताएका हुन् । कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टले पूर्वसूचना प्रभावकारी र समयसापेक्ष हुँदा पूर्वतयारी र प्रतिकार्य प्रभावकारी भई क्षति न्यूनीकरणमा टेवा पुग्ने धारणा राखेका थिए । उनले सबैका लागि पूर्वसूचनाको राष्ट्रिय मार्गचित्र निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए ।




गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख सुरेश पन्थीले सरकारले पूर्वसूचनालाई जोड दिइरहेको उल्लेख गर्दै सोहीअन्तर्गत यो कार्यक्रम भएको बताए । नेपाल रेडक्रस सोसाइटीका महासचिव मीनबहादुर मल्ल, आइएफआरसीका हेड अफ कन्ट्री डेलिगेसन डेभिड फिसर, विश्व खाद्य कार्यक्रमका कार्यक्रम निर्देशक हेइले अबेराले पूर्वसूचना प्रणालीको महत्वबारे धारणा राखेका थिए । अभ्यासमा सबैका लागि पूर्वसूचनासँग सम्बन्धित सङ्घीय मन्त्रालय तथा विभागहरु, प्रदेश तथा स्थानीय तह, सुरक्षा निकाय, राष्ट्रसङ्घीय निकाय, रेडक्रस एवं साझेदार संस्थाका प्रतिनिधिको सहभागिता छ । अभ्यासका क्रममा दोस्रो दिन ‘टेबल–टप अभ्यास’ हुनेछ भने तेस्रो दिन कीर्तिपुरको टौदहमा स्थलगत अभ्यास हुने प्राधिकरणले जनाएको छ ।

सबैका लागि पूर्वसूचना प्रणालीका चारवटा स्तम्भ छन् । जसमा पहिलो विपद् जोखिमको ज्ञान हो । दोस्रोमा अवलोकन, विश्लेषण र पूर्वानुमान पर्दछ । त्यसैगरी, तेस्रोमा चेतावनीको प्रवाह र सञ्चार छ भने चौथोमा पूर्वतयारी, प्रतिकार्य र क्षमता विकास रहेको छ । रासस

# हावाहुरी पीडित मुसहरलाई सहयोग

**सिरहा।**
शनिबार साँझ आएको हावाहुरीबाट प्रभावित मुसहर परिवारलाई लहान नगरपालिकाले राहत वितरण गरेको छ । हावाहुरीका कारण लहान नगरपालिका–२१ कालाबन्जरस्थित मुसहर बस्तीका २१ परिवारको जस्तापाता उडाएको थियो । स्थलगत निरीक्षणका क्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले पीडित परिवारलाई त्रिपाल, चामल, नुन, खानेतेललगायतका आवश्यक सामग्री वितरण गरेका छन्।



सो अवसरमा नगरप्रमुख चौधरीले पीडितको तत्काल बसोबासको व्यवस्थापनमा नगरपालिकाले प्राथमिकता दिएको बताए । ‘हावाहुरीबाट प्रभावित परिवारलाई तत्काल सुरक्षित बसोबासका लागि त्रिपाल उपलब्ध गराएका छौँ,’ उनले भने, ‘अब एक हप्ताभित्रै जस्तापाता उपलब्ध गराएर दीर्घकालीन बसोबासको व्यवस्था गर्छौं।’

नगरप्रमुख चौधरीले भूमिहीन तथा सुकुम्वासी परिवारको दीर्घकालीन व्यवस्थापनका लागि नगरपालिकाले दोस्रो चरणमा ५०० घर निर्माण गर्ने योजना अघि बढाएको जानकारी दिए । ‘हामी सुकुम्बासी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजनामा छौँ,’ उनले भने । उक्त बस्तीमा ४२ परिवार बसोबास गर्दै आएका छन्। यसैबीच, हावाहुरीकै कारण लहान—२४ मा सात घर र लहान—१९ मा एक घरमा पनि क्षति पुगेको छ। रासस

# मल अभावले पर्साका किसान संकटमा

## भारतीय बजारमा महँगोमा किन्न बाध्यता

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साका ग्रामीण क्षेत्रमा चैते धान रोपाइँ गरिरहेका किसानहरू यतिबेला रासायनिक मलको अभावले गम्भीर संकटमा परेका छन्। रोपाइँ सम्पन्न भएको झण्डै दुई साता बितिसक्दा पनि डिएपी र यूरिया मल समयमै उपलब्ध नहुँदा खेती व्यवस्थापनमै समस्या उत्पन्न भएको हो । जिराभवानी गाउँपालिका–१, शान्तिनगरका किसान जलेश्वर दासका अनुसार नेपालमा मल नपाएपछि बाध्य भएर भारतीय बजारबाट डिएपी खरिद गर्नुपरेको छ, जहाँ ५० केजीको एक बोरा करिब ४ हजार रुपैयाँ पर्छ।



त्यस्तै, अर्का किसान राउतले यूरिया मलसमेत प्रति केजी ४० रुपैयाँसम्म तिरेर ल्याउनुपरेको बताए । सामान्य अवस्थामा स्थानीय कृषि सहकारी संस्थामार्फत डिएपी करिब ५० रुपैयाँ र यूरिया २० रुपैयाँ प्रतिकेजीमा पाइने भए पनि हाल ती संस्थाहरूमा मल अभाव हुँदा किसानहरू महँगो मूल्यमा किन्न बाध्य भएका छन् । 'संस्थामा मल छैन, त्यसैले बाहिरबाट महँगोमा ल्याउनुपरेको छ,' किसानहरूको गुनासो छ।
यसअघि मल अभाव हुँदा किसानहरूले सीमापार भारतीय बजारबाट सहजै मल ल्याएर आवश्यकता पूरा गर्ने गरेका थिए। तर हाल सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामग्री भित्र्याउँदा भन्सार अनिवार्य गर्ने नीति कडाइका साथ लागू गरेपछि त्यस्तो विकल्पसमेत सीमित बनेको छ, जसले समस्या झन् जटिल बनाएको किसानहरूको भनाइ छ । ठोरी, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका तथा वीरगंजका केही वडामा चैते धान रोपाइँ सुरु भएको दुई साता नाघिसक्दा पनि मलको आपूर्ति सहज हुन सकेको छैन । रोपाइँका लागि अत्यावश्यक डिएपी, पोटास र यूरिया अधिकांश सहकारी संस्थामा अभावकै अवस्थामा छन् । गादी साना किसान कृषि सहकारी संस्था, रंगपुरका सञ्चालक हरिनारायण चौधरीले करिब २० दिनअघि कृषि सामग्री कम्पनी लिमिटेडबाट जम्मा ७५ बोरा यूरिया मात्र प्राप्त भएको जानकारी दिए । 'डिएपी वा थप मल कहिले आउने हो भन्ने कुनै निश्चितता छैन,' उनले भने।
किसानहरूले सरकारको नीतिप्रति असन्तुष्टि व्यक्त गर्दै एकातिर उत्पादन वृद्धि गर्न दबाब दिने तर अर्कोतिर आवश्यक मल समयमै उपलब्ध नगराउने, सीमापारबाट ल्याउन कडाइ गर्ने तथा पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्ने जस्ता निर्णयले आफूहरू थप मारमा परेको बताएका छन् । उत्पादन भएको अन्नको उचित मूल्यसमेत नपाउँदा कृषि पेशा झन् कठिन बन्दै गएको उनीहरूको गुनासो छ।

# आमरण अनसनमा 'धर्मेन्द्र कर्ण'

## सरकारको उदासिनताविरुद्ध कडा असन्तुष्टि



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको राजधानी जनकपुरधाम–१०का धर्मेन्द्र कर्णले शिक्षा सुधार तथा अर्थतन्त्रको लागत घटाउने आफ्नो पहलप्रति सरकारले देखाएको उदासिनताको विरोधमा आमरण अनसनमा बसेका छन्।
कर्णले लामो समयदेखि 'गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै लागत घटाउने शिक्षण विधि' लागू गराउन संघीय सरकार र मधेश प्रदेश सरकारसमक्ष पटक–पटक निवेदन दिएको भए पनि कुनै सुनुवाइ नभएको आरोप लगाउँदै आमरण अनशनमा बसेका हुन्। उनले आफूले उठाउँदै आएको मागप्रति सरकार मौन बस्नु उचित नरहेको बताए।
उनका अनुसार प्रधानमन्त्री बालेन्द्र शाह तथा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव समक्ष औपचारिक रूपमा आफ्ना मागहरू राख्दा समेत अपेक्षित प्रतिक्रिया नआएपछि आफू बाध्य भएर आमरण अनसनमा बस्नुपरेको हो।
अनसनअघि जिल्ला प्रशासन कार्यालयमार्फत अनुमति लिन र गृहमन्त्रालयलाई जानकारी गराउने प्रयास गर्दा समेत प्रक्रिया ढिलो भएको भन्दै उनले असन्तुष्टि जनाए।
आमरण अनसनमा बस्दै कर्णले शिक्षा क्षेत्रमा लागत घटाउने र माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने आफ्नो प्रस्तावप्रति चासो नदिएको विषयमा मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सार्वजनिक रूपमा जवाफ दिनुपर्ने माग अघि सारेका छन् । साथै निजी तवरबाट अघि बढाइएको यस्तो पहलमा देखिएका अवरोध संघीय सरकारले तत्काल हटाउनुपर्ने उनले बताएका छन् ।यसैगरी उनले नेपाल वान टेलिभिजन सञ्चालनमा नीतिगत भ्रष्टाचार भएको आरोप लगाउँदै त्यसमा संलग्न प्रधानमन्त्री र सञ्चारमन्त्रीसहितका पदाधिकारीमाथि छानबिन र कारबाही गरी क्षतिपूर्ति दिलाउनुपर्ने माग राखेका छन् । जनप्रतिनिधिहरूसमक्ष दिइने गुनासो, निवेदन तथा आग्रहमा ४८ घण्टाभित्र अनिवार्य प्रारम्भिक प्रतिक्रिया दिने कानुनी व्यवस्था गर्नुपर्ने उनको अर्को माग रहेको छ।
त्यस्तै जानकी मन्दिर लगायतका मठ–मन्दिरका जग्गा दर्ता रोकिएको विषयमा तत्काल रोक आदेश खारेज गरी नगर क्षेत्रमा रहेका स–साना जग्गाको वित्तीय तरलता अभिवृद्धि गर्ने व्यवस्था गर्नुपर्ने पनि उनले माग गरेका छन्।
कर्णले आफ्ना मागहरू पूरा नभएसम्म आमरण अनसन जारी राख्ने चेतावनी समेत दिएका छन् । यस घटनाले जनकपुरधाममा शिक्षा सुधार, सुशासन र प्रशासनिक जवाफदेहिताको विषयलाई पुनः केन्द्रमा ल्याएको छ।

# आचार संहिता उल्लंघन गर्नेलाई कारवाहीको चेतावनी

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्साले पत्रकार आचार संहिताको उल्लंघन गर्ने पत्रकार र सञ्चारगृह (मिडिया हाउस) लाई कारबाहीको चेतावनी दिएको छ । आइतबार पत्रकार महासंघ पर्सा शाखाले एक प्रेस विज्ञप्ति नै जारी गरेर पत्रकार आचार संहिता उल्लंघन गर्ने पत्रकार र सञ्चारगृहलाई कारबाहीको चेतावनी दिएको हो।
पर्सा जिल्लाबाट प्रकाशित तथा प्रसारित केही सञ्चारमाध्यम र केहि पत्रकारहरूले समाचार सम्प्रेषणका क्रममा लगातार रूपमा पत्रकार आचारसंहिताका आधारभूत मान्यतालाई समेत बेवास्ता गरिरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको नेपाल पत्रकार महासंघ पर्साले जनाएको छ।
सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल (फेसबुक, युट्युब) मार्फत सञ्चालित केही माध्यमहरूले सामाजिक सद्भाव, जबरजस्ती करणी, व्यक्तिको गोपनीयतालगायतका अतिसंवेदनशील विषयका समाचार सम्प्रेषण गर्दा गैरजिम्मेवार रूपमा प्रस्तुत भई आचारसंहिताको गम्भीर उल्लंघन गरेको पाइएको महासंघको भनाई छ । समाचार संकलन तथा प्रसारणका क्रममा न्यूनतम शिष्टता र सीमालाई समेत ख्याल नगरी अभद्र हर्कतमा उत्रिएको पाइएको भन्दै महासंघले सञ्चारकर्मका नाममा भइरहेका यस्ता गतिविधिबाट समग्र सञ्चारक्षेत्रमाथि प्रश्न उठिरहेको जनाएको छ।

# हावाहुरीबाट मधेश प्रदेश प्रभावित, सिरहामा पर्खाल भत्किँदा महिलाको मृत्यु



**सिरहा।**
शनिबार साँझ आएको हावाहुरीका कारण सिरहामा घरको पर्खाल भत्किँदा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा सखुवानन्कारकट्टी गाउँपालिका–२ मकरामपुर का ६० वर्षीया किसुनवती यादव रहेकी छन् । स्थानीय विन्देश्वर यादवकी श्रीमती किसुनवती शनिबार साँझ घरमै बसिरहेको अवस्थामा आएको तीव्र गतिको हावाहुरीले घरको जस्तापाता उडाएको थियो । जस्तापाता उडेसँगै घरको पर्खाल भत्किँदा इँटाले टाउकोमा लागेर उनी गम्भीर घाइते भएकी थिइन्। चोटका कारण उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालकाअनुसार घटनालगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो । उनका अनुसार, प्रहरीले घटनाको मुचुल्का उठाएर शव परीक्षणका लागि पठएको छ ।
गए राति मधेश प्रदेशका विभिन्न जिल्लामा आएको हावाहुरीले जनजीवन प्रभावित बनाएको छ भने अन्य क्षेत्रमा भएको क्षतिको विवरण पनि सङ्कलन भइरहेको प्रहरीले जनएको छ। रासस

# धनुषामा ट्याक्टर दुर्घटनाः चालकको घटनास्थलमै मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको कमला नगरपालिका–७ सिङ्ग्याहीमा ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।
मृत्यु हुनेमा कमला नगरपालिका–६ निवासी चालक आकाश यादव रहेको प्रहरीले जनाएको छ।
इलाका प्रहरी कार्यालय खजुरीका प्रहरी निरीक्षक बबिन्द्र नेम्वाङका अनुसार स १ त ५१२९ नम्बरको ट्र्याक्टर खेतबाट माटो ओसार्ने क्रममा अनियन्त्रित भई दुर्घटनामा परेको हो । दुर्घटनामा गम्भीर घाइते भएका यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ ।प्रहरी टोली घटनास्थलमा पुगेर आवश्यक मुचुल्का प्रक्रिया पूरा गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ । दुर्घटनाको वास्तविक कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# हुरीले आँपको चिचिला झारेपछि किसान चिन्तित



**सिरहा।**
जिल्लामा यस वर्ष आँप उत्पादनमा ह्रास आउने भएको छ । अघिल्लो वर्षको तुलनामा यसपटक उत्पादन बढ्ने अपेक्षा गरिए पनि 'मधुवा' रोग र हुरीका कारण मञ्जर र टिकुला (चिचिला) झरेपछि किसानहरू चिन्तित बनेका छन्।
कृषि ज्ञान केन्द्रका अनुसार करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा लगाइएको आँपमा यस वर्ष मञ्जर निकै राम्रो लागेको थियो, तर रोगको जोखिमले गर्दा अहिले रुखहरूमा करिब १० प्रतिशत मात्र फल बाँकी रहेको छ । केन्द्रका सूचना अधिकृत सुदीप खनालले भने, "सिरहाको करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा गरिएको आँपखेतीबाट यसपटक उल्लेख्य उत्पादनको अपेक्षा थियो । तर रोगका कारण मञ्जर र टिकुला झर्ने क्रम नरोकिँदा उत्पादनमा ठूलो ह्रास आउने देखिएको छ । " उनका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ।
लहान नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइका अनुसार किसानले 'इमिडाक्लोप्रिड'जस्ता विषादी प्रयोग गरे तापनि प्रकोप नियन्त्रण बाहिर गएको थियो । मञ्जर लाग्ने समयमा भएको वर्षा र अत्यधिक हावाहुरीले समस्या झनै बल्झाएको प्राविधिकहरूको ठहर छ।
आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका किसानहरू यतिबेला निकै निराश छन् । लहान–२४ का किसान प्रमोद यादवले भने, हामीलाई रोग नियन्त्रणका लागि आवश्यक ज्ञान र सीपको अभाव छ । सरकारले समयमै सचेतनामूलक कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ।
त्यस्तै, गए रातिको हावाहुरीले बाँकी रहेका टिकुलाहरू पनि झारिदिएपछि लगानी नै नउठ्ने अवस्था आएको लहान–२२ का किसान रामवृक्ष यादवले बताए। उनले दुखेसो पोख्दै भने, "विषादी र मलजलमा निकै खर्च भयो, तर अहिले रुखमा टिकुला नै छैनन्। आम्दानी हुने बेला रोगको प्रकोप त एकातिर छँदैछ, अर्कोतर्फ बेस्सरी आएको हावाहुरीले आँपका अडिएका चिचिला नै झरेपछि यसपालि लगानी पनि नउठ्ने डर भयो। रोगको क्षतिलाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले आगामी वर्षहरूमा मञ्जर लाग्नुअगावै सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। रासस

# वैशाख ७ गतेदेखि विद्यार्थी भर्ना अभियान सुरु गर्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको कार्यालयले महानगरमा रहेका सामुदायिक तथा निजी विद्यालयहरुलाई वैशाख ७ गतेदेखि विद्यार्थी भर्ना अभियान सुरु गर्न निर्देशन दिएको छ।
महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले आइतबार एक सूचना जारी गर्दै नयाँ शैक्षिक सत्र २०३÷ ०४ का लागि वैशाख ७ गतेदेखि वैशाख १५ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न निर्देशन दिएको हो।
उक्त अवधिमै अभिलेखिकरण, वार्षिक कार्यतालिका तथा वार्षिक कार्य योजना निर्माण,शिक्षक क्षमता विकास कार्यक्रम र विद्यालय सुधार योजना निर्माण गर्नपनि महानगरपालिकाले सामुदायिक र निजी विद्यालयहरुलाई निर्देशन दिएको छ।
यसैगरि वैशाख १६ गतेदेखि भने सबै विद्यालयमा पठन पाठन सञ्चालन गर्न निर्देशन दिइएको महाशाखा प्रमुख आनन्द लामिछानेले जानकारी दिए।

# विजुली अवरुद्ध भएपछि वैवाहिक कार्यक्रम प्रभावित हुने चिन्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
भोली बैशाख ७ गते सोमवार अक्षय तृतियाको अवसर पारेर धेरैजनाको बैवाहिक कार्यक्रम तय भएको छ । यसैविच वीरगंज मुख्य सडक क्षेत्र विस्तारको क्रममा विजुली अवरुद्ध भएपछि कार्यक्रम कसरी गर्ने भन्ने चिन्तामा सम्बन्धीत घर परिवारहरू परेका छन् । बाहिरबाट वीरगंज जन्ती आउने र वीरगंजबाट बाहिर जन्ति जाने दुवै पक्षलाई समस्या थपिएको छ ।
बिजुली, पानी, सञ्चार र सडक अभावका कारण कार्यक्रम व्यवस्थापन गर्न अप्ठ्यारो भएको हो । प्रचण्ड गर्मीको समयमा बैवाहिक कार्यक्रमका लागि आउने पाहुना तथा आफन्तजन व्यवस्थापन गर्न समेत समस्या भएपछि कार्यक्रम गरौं कि के गरौं भन्ने दोधारमा परेको वीरगंज छकपकैया निवासी रमेश कुमारले गुनासो पोखेका छन् ।
यसैबीच विद्युत प्रतिकरणले सुचना जारि गरि दुइ दिनसम्म सेवा अनियमित हुने जनाएको छ । पानीको अभाव क्षेत्रमा महानगरपालिकाले टयाँकीमा पानी पुऱ्याइदिनु पर्ने र इन्टरनेट सेवा नभएको स्थानमा सेवा प्रदायक कम्पनीले अस्थाइ तार विहीन टावर राखेर भएपनि सेवा सञ्चानल गर्नु पर्ने सेवाग्राहीहरूको माग छ । यसैविच सडक फराकिलो पार्ने अभियान टोलीका सदस्यहरूले विजुलीको तारमा जस्तो इन्टरनेटको तारमा जोखिम नहरहेको र केही स्थानमा बाहेक इन्टरनेटको तार नकाटिएको बताएको छ । सेवा प्रदायक कम्पनीले सेवा प्रवाहमा तदारुकता नदेखाएको स्थानीयको गुनासो छ ।

# सडक दुर्घटनाको जोखिम बन्दै सिरहाको हाटबजार

सिरहा।
पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत सिरहाको व्यस्त गोलबजार क्षेत्रका सडकमा लाग्ने हाटबजारका कारण दुर्घटनाको जोखिम बढ्नाका साथै ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको छ। प्रत्येक मङ्गलबार र शनिबार लाग्ने हाटबजारले राजमार्गको ठूलो हिस्सा ओगट्दा सवारी सञ्चालन र पैदलयात्रीको आवागमनमा सास्ती हुँदै आएको हो । गुदरी हाटबजार भनेर चिनिएको यो बजारलाई गोलबजार नगरपालिकाले विसं २०८२ देखि २०८५ सम्मका लागि कुल रु एक करोड २४ लाख ३० हजारमा ठेक्का लगाएको छ। वार्षिक रु ४१ लाख १४ हजार राजस्व सङ्कलन हुने भनिए पनि बजार व्यवस्थापनमा उचित काम नभएको स्थानीयको गुनासो छ।



स्थानीय रामबाबु यादवले भने, नगरपालिकाले व्यापारीसँग रकम असुल्छ, तर सडकको जोखिम घटाउन र बजारलाई व्यवस्थित बनाउन चासो दिँदैन । त्यसैले दुर्घटनाको जोखिम झन् बढेर गएको छ।
गोलपार्क चोकबाट इलाका प्रहरी कार्यालय अगाडिसम्म करिब ५०० मिटर क्षेत्रमा फैलिएको हाटबजारमा सागसब्जी, फलफूलदेखि लत्ताकपडासम्मको व्यापार सडकमै हुन्छ । चोक नजिकै सवारीसाधन राख्ने स्थान र अर्कोतिर हाटबजार हुँदा पैदलयात्रीलाई हिँड्न सकस हुने गरेको स्थानीय प्रमोदकुमार सिंहले बताए । बजार व्यवस्थापनका लागि गोलबजार उद्योग व्यापार सङ्घले पटकपटक लिखित र मौखिक प्रस्ताव बुझाए पनि नगरपालिकाले सुनुवाइ नगरेको सङ्घका उपाध्यक्ष राकेश गुप्ताले बताए । विगतमा नगरपालिकाले दुई पटक प्रयास गर्दा करिब रु १० लाख खर्च भए पनि त्यसको प्रभाव सडकमा नदेखिएको उनको भनाइ छ । नगरपालिकाका प्रवक्ता सञ्जित लामाले भने व्यवस्थापनका लागि सर्वदलीय बैठक राखिए पनि ठोस समाधान ननिस्किएको बताउँदै पुनः सर्वदलीय छलफलमार्फत निकास खोजिने जानकारी दिए।
वार्षिक लाखौँ राजस्व उठ्ने यो बजारलाई समयमा उचित ठाउँमा व्यवस्थापन नगरे ठूलो दुर्घटना निम्तिन सक्ने भन्दै गोलबजारवासीले चिन्ता व्यक्त गरेका छन्। रासस

# १०० रुपैयाबढिको सामान ल्याउनमा भन्सार शुल्क जनअधिकार पार्टीद्वारा सीमा क्षेत्रमा धर्ना

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल भारत सीमा क्षेत्र शंकराचार्य गेट स्थित जनअधिकार पार्टीले धर्ना दिएको छ ।




भारतबाट १०० रुपैयाँ बढी मूल्यको सामान ल्याउँदा भन्सार कर तिर्नुपर्ने नियमको विरोधमा जनअधिकार पार्टीका अध्यक्ष डा. शरदसिंह यादवको अगुवाइमा उक्त पार्टीका नेता कार्यकर्ताले आइतबार वीरगंज नाकास्थित शंकराचार्य गेटस्थित सडकमै एक घण्टा धर्ना दिएका हुन् ।
सरकारले भन्सार कर असुल्ने नाममा नेपाल र भारतबीचको रोटीबेटीको सम्बन्धमा नै खलल पुर्‍याउने नियतले उक्त हास्यास्पद नियम लगाएको अध्यक्ष यादवले आरोप लगाए । खासगरी सीमा क्षेत्रका मधेसका जनतालाई सास्ती दिनेगरी भन्सारमा लगाइएको उक्त नियम तत्काल खारेज गर्नुपर्ने आँफुहरुको माग रहेको उनले बताए ।
मधेशी मूलका व्याक्ति बालेन शाह प्रधानमन्त्री हुदाँ सबैभन्दा बढी उत्साहित मधेसकै जनता भएको भएपनि सरकार बनेको २२ दिनमै मधेसीका लागि यो सरकारले अप्रिय नियम लगाउनु दुखद भएको उनको भनाई छ ।

## सम्पादकीय

# सडक सीमा अतिक्रमण हटाउने अभियानः असर र चुनौतीहरू

हेटौँडास्थित सडक डिभिजन कार्यालयले त्रिभुवन राजपथ अन्तर्गत सिर्सिया मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्मको सडक क्षेत्रमा सीमा संरक्षण अभियान सुरु गरेको छ । यो अभियान सडक क्षेत्रको केन्द्र रेखाबाट दायाँ–बायाँ २५–२५ मिटर क्षेत्रभित्र रहेका घर, पसल तथा अन्य संरचनाहरू हटाइएको हो। सडक सुरक्षा, यातायात व्यवस्थापन र सहरी सौन्दर्यका लागि यस्ता अभियानहरू आवश्यक भए पनि यसले स्थानीय बासिन्दा र व्यवसायीहरूमाथि पार्ने असरबारे गम्भीर रूपमा विचार गर्नुपर्ने देखिन्छ।

तत्काल प्रभावबाट कार्यान्वयनमा आउने यो अभियानले त्यस क्षेत्रमा बसोबास गर्दै आएका सयौँ परिवारलाई प्रत्यक्ष असर पार्नेछ। घर खाली गर्न, घरभित्र कोही नबस्न र सम्पत्ति सुरक्षित रूपमा हटाउन दिइएको निर्देशनले उनीहरूको जीविकोपार्जन र बसोबासमा ठूलो संकट निम्त्याउनेछ।

विशेषगरी, वर्षौंदेखि सोही स्थानमा बसोबास गर्दै आएका र अन्यत्र जाने विकल्प नभएका विपन्न परिवारका लागि यो निर्णय थप पीडादायी हुन सक्छ। सरकारले सडक विस्तार र विकासका योजनाहरू बनाउँदा विस्थापित हुनेहरूको पुनस्र्थापना र क्षतिपूर्तिको उचित व्यवस्थापनमा ध्यान दिनु अपरिहार्य छ।

यस अभियानले त्यस क्षेत्रमा सञ्चालित होटल, लज तथा अतिथि गृहहरूलाई पनि नकारात्मक असर पार्नेछ। पाहुना नराख्न दिइएको अनुरोधले उनीहरूको व्यवसायमा ठूलो धक्का पुग्नेछ, जसले गर्दा आर्थिक संकट र रोजगारी गुम्ने खतरा बढ्नेछ । कोभिड–१९ महामारीबाट भर्खरै तंग्रिन लागेका व्यवसायीहरूका लागि यो अर्को चुनौती बन्न सक्छ। सडक डिभिजनले अभियानको कार्यान्वयन गर्दा व्यवसायीहरूको समस्यालाई सम्बोधन गर्न र उनीहरूलाई वैकल्पिक व्यवस्थापनका लागि समय दिनुपर्छ।

सडक सीमा अतिक्रमण हटाउने अभियानले दीर्घकालीन रूपमा सडक सुरक्षा र यातायात व्यवस्थापनमा सुधार ल्याउने अपेक्षा गर्न सकिन्छ। अव्यवस्थित संरचनाहरू हट्दा सडक फराकिलो हुनेछ, जसले गर्दा दुर्घटनाको जोखिम कम हुने र सवारी आवागमन सहज हुनेछ।

यद्यपि, यो अभियान केवल संरचना हटाउनेमा मात्र सीमित नभई भविष्यमा यस्ता अतिक्रमणहरू दोहोरिन नदिनका लागि प्रभावकारी नीति र नियमहरूको निर्माण तथा कार्यान्वयनमा पनि केन्द्रित हुनुपर्छ।

अन्ततः, सडक डिभिजनको यो अभियान विकास र सुशासनका लागि महत्वपूर्ण भए पनि यसको कार्यान्वयन मानवीय संवेदनशीलताका साथ गरिनुपर्छ। विस्थापित हुने परिवार र प्रभावित व्यवसायीहरूलाई उचित क्षतिपूर्ति, पुनस्र्थापना र वैकल्पिक जीविकोपार्जनका अवसरहरू प्रदान गर्नु सरकारको दायित्व हो । सर्वसाधारण तथा सरोकारवालासँग सहयोगको अपिल गर्नुका साथै उनीहरूको गुनासो सुन्ने र समाधान गर्ने संयन्त्र पनि प्रभावकारी बनाउनुपर्छ, ताकि विकासको नाममा कसैले पनि अन्याय भोग्न नपरोस्।

# अध्ययन बिदामा गएका प्राध्यापक नफर्किंदा त्रिविलाई दुई अर्ब नोक्सानी, साढे ६ करोड फिर्ता



सिबी अधिकारी/रासस

काठमाडौँ । अध्ययन बिदामा गएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नफर्किंदा दुई अर्ब रुपैयाँ भन्दा बढीको नोक्सानी भएको छ । त्रिविको नियमअनुसार शिक्षक–कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ।

विश्वविद्यालयले योग्य, दक्षा र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो। तर प्राध्यापकहरूले बिदाको चरम दुरुपयोग गरेको पाइएको छ । यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक–कर्मचारीहरूको खोजबिन गर्न डा.जीवन काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो। समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य छन्।

समितिले खोजबिन गर्दा करिब ३ सय ९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको छ । यसबाट त्रिविलाई आर्थिका साथै प्राज्ञिक क्षति पुगेको छ। अध्ययन बिदामा गएका स्थायी शिक्षकको ठाउँमा आंशिक र करारका शिक्षक राख्दा त्रिविलाई थप आर्थिक भार परेको छ।

समितिका संयोजक डा. काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको सङ्ख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताए । 'शिक्षक कर्मचारीबाटै अध्ययन बिदामा गएर नफर्किने लापरवाही प्रवृत्तिले विद्यार्थीमा नकारात्मक सन्देश गएको छ,' उनले भने, 'त्रिविप्रतिको धारणामा असर पनि पुगेको छ।'

त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो। छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १ सय ९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २ सय ७ जना गरी कुल ३ सय ९८ प्राध्यापक छन्। समितिका संयोजक काफ्लेका अनुसार थप ५०–६० फाइल पनि भेटिएको छ।

त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ। यदि तीन वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा तीन वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ।

अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन्। पाँच वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अष्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले धेरै वर्षदेखि पेचिलो बनिरहेको अध्ययन बिदा दुरुपयोगको विषयलाई त्रिविले आँट गरेर बाहिर ल्याएको उल्लेख गरे। उनले भने, 'समितिले गरेको अध्ययनमा १ सय ९३ जना पाँचवर्षे अध्ययन बिदा सकेर नफर्किएका र अध्ययन बिदा लिएर अध्ययन पूरा नगरेका ४ सय भन्दा बढी पाइएको छ।'

शिक्षाध्यक्ष डा. केसीका अनुसार विश्वविद्यालयसँग गरेको कबुलियतअनुसार साँवाब्याजसहित फिर्ता गर्न त्रिविले पत्राचार गरेकामा २० जनाले रकम बुझाइसकेका छन्। उनीहरूबाट छ करोड रकम फिर्ता भएको छ । अध्ययन बिदा सकिएपछि नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर कबुलियतनामा गरिएको हुन्छ । सोही कबुलियतनामाअनुसार रकम फिर्ता गरिरहेका हुन्।

त्रिविले ताकेता गरेपछि ५० जनाभन्दा बढी प्राध्यापक फिर्ता गर्ने प्रक्रियामा छन्। त्रिविका अनुसार नफर्किने प्राध्यापकले प्रतिव्यक्ति कम्तीमा १० लाखदेखि ५० लाख रुपैयाँ बढीसम्म फिर्ता गर्नुपर्ने देखिएको छ। डा. केसीले भने, 'हामी निर्ममतापूर्वक अहिले पनि लागिरहेका छौँ । अब पहिलो चरणमा पैसा नबुझाउनेलाई दोस्रो चरणमा कानुनी परामर्श लिएर नाम सार्वजनिक गर्छौं, ३५ दिने सूचना अवधिमा पनि सम्पर्कमा नआए सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गरिनेछ।'

त्रिविको उपप्राध्यापक पदको शिक्षकको सेवा सुविधालाई मात्र आधार मान्ने हो भने एक शिक्षकको ४८ हजार ७ सय ३७ बेसिक तलब जम्मा आठ ग्रेडबापत १३ हजार रुपैयाँ र कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोष समेत १०–१० प्रतिशत कट्टी गर्दा १२ हजार ३ सय ४८ रुपैयाँ र मासिक बिरामी बिदाबापत दुई हजार ५ सय ७३ रुपैयाँ, महँगी भत्ता दुई हजार रुपैयाँ र प्राज्ञिक भत्ता एक हजार रुपैयाँ चाडबाड खर्च ६१ हजार ७ सय ३७ रुपैयाँ गरी जम्मा वार्षिक १० लाख १७ हजार ६ सय ३३ रुपैयाँको हिसाबले ३ सय ९७ शिक्षक कर्मचारीले पाँच वर्षको अवधिमा करिब दुई अर्ब रुपैयाँको हाराहारीमा दुरुपयोग गरेको प्रतिवेदनको प्रारम्भिक विवरणमा छ।

**प्रधानमन्त्री र शिक्षामन्त्रीको चासो**

अध्ययन बिदाको दुरुपयोगका विषयमा सरकारले चासो लिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह र सरकारको प्रवक्ताको समेत जिम्मेवारी सम्हालेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमन्त्री सस्मित पोखरेलले चासोका साथ अध्ययन गरिरहेका छन् । प्रधानमन्त्री शाह र शिक्षामन्त्री पोखरेलको सचिवालयले छानबिन समितिका संयोजक डा. काफ्लेसँग छलफल गरेको छ । प्रधानमन्त्री र शिक्षमन्त्रीले चासो देखाएपछि त्रिविले कामलाई थप तीव्रता दिएको छ।

समितिका संयोजक डा. काफ्लेले डिन कार्यालय, क्याम्पस, केन्द्रीय विभागलगायतका कार्यालयमा पुगेर नफर्किने प्राध्यापक र कर्मचारीको खोजी गरिरहेको बताए। उनले भने, 'पूर्ववत रूपमा आकलन गरिएको सङ्ख्याभन्दा अझ बढी सङ्ख्यामा दुरुपयोगको अवस्था देखिएको छ भने समिति गठनपश्चात् दुरुपयोग गर्नेहरू सार्वजनिक जीवनमा पर्न जाने असरलाई मूल्याङ्कन गरी आफूले दुरुपयोग गरेको क्षतिपूर्ति रकम त्रिवि नियमअनुसार बुझाउन अग्रसर देखिएका छन्।'

डा. काफ्लेका अनुसार हालसम्म टोलीले त्रिविका ६० प्रतिशत आङ्गिक क्याम्पस र कार्यालयमा प्रत्यक्ष रूपमा अवलोकन गर्दा अध्ययन बिदा लिई सेवामा नफर्कने शिक्षक कर्मचारीका साथै अध्ययन बिदा लिई उपाधि हासिल गर्न नसक्नेहरूको सङ्ख्या समेत उल्लेख्य रूपमा रहेको पाइएको छ।

त्रिविले विशवविद्यालयअन्तर्गतका क्याम्पस कार्यालयहरूमा कार्यरत स्थानीय शिक्षक तथा कर्मचारीलाई निजहरूको वृत्ति विकासका लागि अध्ययन अध्यापन र अनुसन्धान कार्य गर्न एक वर्षदेखि पाँच वर्षसम्मको अध्ययन बिदा दिने गरेको छ। यसरी अध्ययन बिदाबाट प्राप्त गरेको ज्ञान र सीप विश्वविद्यालयको समग्र हितमा हुने अपेक्षाका साथ एक वर्षदेखि पाँच वर्षसम्मको तलबी अध्ययन बिदा दिने गरेको हो।

अध्ययन बिदामा बसेको शिक्षकहरूले आफूले अध्ययन बिदा उपयोग गरेको समयअनुसार विश्विद्यालयमा सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ र सोअनुसार सेवा नगर्ने शिक्षक कर्मचारीका लागि दण्ड सजायको समेत व्यवस्था गरिएको छ । अध्ययन बिदामा बसी नफर्कने शिक्षक कर्मचारीलाई त्रिविले पत्र काटेर नफर्किने शिक्षकको विवरण उपलब्ध गराउन सबै निकायलाई भनेको थियो। तर सही विवरण नआएपछि समिति क्याम्पस क्याम्पसमा पुगेर सङ्कलन गर्न लागेको हो।

'समितिले सम्बन्धित क्याम्पसमै पुगेर खोजबिन गरिरहेको छ। ठूलो सङ्ख्यामा शिक्षक र कर्मचारी अध्ययन बिदामा गएर नफर्किएको पाइएको छ,' समितिका संयोजक डा. काफ्लेले भने। विसं २०४४ यताका सबै फाइल खोजेर अध्ययन गरिरहेको समितिले जनाएको छ। अध्ययन बिदामा गएका त्रिविका कति शिक्षक कर्मचारी फर्किए, कति उतै लुके भन्ने तथ्याङ्क त्रिविसँग थिएन । त्यसैले समिति बनाएर त्रिविले तथ्याङ्क सङ्कलन गरिरहेको हो।

समितिका अनुसार त्रिविका आङ्गिक क्याम्पस–डिन कार्यालय÷केन्द्रीय विभागमा खोजबिन सकिएको छ। कति सङ्ख्यामा शिक्षक कर्मचारी विदेशमै लुकेका छन् भन्ने तथ्याङ्क एकैपटक सार्वजनिक गरिने उनले बताए । असार मसान्तसम्मको समयावधि पाएको समितिले तीव्र रूपमा काम गरिरहेको छ।

**चार सयले गरे बिदाको दुरुपयोग**

समितिले छ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४ सय प्राध्यापकले दुरुपयोग गरेको भेटिएको हो । समितिले ताकेता गरेपछि अहिले अध्ययन बिदाबाट नफर्किएका प्राध्यापकले धमाधम रकम फिर्ता गर्न थालेका छन्। हालसम्म ४४ जनाले निवेदन दिएको र तीमध्ये २० जनाले साढे छ करोड रकम फिर्ता गरेको समितिका संयोजक डा. काफ्लेले जानकारी दिए।

उनले भने, 'अहिले २० जनाबाट साढे ६ करोड रकम उठिसकेको छ । अरुलाई पनि हामीले पत्राचार गरिरहेका छौँ।'

अध्ययन बिदामा बसेर नफिर्किने शिक्षक र कर्मचारी अहिले करिब चार सय पुष्टि भएको तथा अझै केही केशहरू पनि आइरहेकाले यो सङ्ख्या झन्डै पाँच सय पुग्ने बताइन्छ । विश्वविद्यालयको नियममा पाँच वर्षसम्म अध्ययन बिदामा बस्न पाउने प्रावधान छ। तीन वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा तीन वर्ष र सोभन्दा बढी बिदा उपभोग गरेकाले कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ। बिदामा बस्दा शिक्षकले नेपाली कागजमा फर्किने कबुलियतनामा गरेको हुन्छ। नफर्किएमा जायजेथाबाट भए पनि खाएको रकम असुल गर्ने भनिएको छ। तर, २०४५ सालदेखि अध्ययन बिदामा गएका त्रिविका शिक्षक फर्किएका छैनन्।

धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन्। यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेको छ। शिक्षाध्यक्ष डा केसीले त्रिविलाई अझै पनि अध्ययन बिदा दुरुपयोग गर्नेलाई कानुनी दायरामा ल्याउन तथा प्रतिवेदन कार्यान्वयनका चुनौती र छिद्रहरू रहेकाले जवाफदेही बनाउनका लागि सरकार, नागरिक समाज र सञ्चारमाध्यमको साथ र सहयोगको जरुरी भएको उल्लेख गरे।

अध्ययन बिदा लिएपछि क्याम्पस कार्यालयमा नफर्कने शिक्षक तथा कर्मचारीको सङ्ख्या अध्ययन संस्थानतर्फ सङ्कायतर्फको भन्दा तुलनात्मक रूपमा बढी देखिएको समितिले उल्लेख गरेको छ। त्रिविका केही शिक्षकहरूले स्वीकृत अध्ययन बिदा लिएपछि निर्धारित समयमा अध्ययन पूरा नगरेको तथा बिदा समाप्त भएपछि क्याम्पस वा विभागमा पुनः नफर्किनुले अध्ययन बिदाको मूल उद्देश्य नै विफल भएको समितिको ठहर छ।

त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म बिनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ। विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्दैनन्।

**यी हुन् समितिले खोजबिन गरेका क्याम्पस**

अध्ययन बिदामा बसेर नफर्केका शिक्षक–कर्मचारीको खोजबिन समितिले अहिलेसम्म खोजबिन गरेका क्याम्पसहरूमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कृषि र पशु विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, रसायनशास्त्र केन्द्रीय विभाग, प्राणीशास्त्र केन्द्रीय विभाग, भौतिकशास्त्र केन्द्रीय विभाग, वनस्पतिशास्त्र केन्द्रीय विभाग, भूगर्भशास्त्र केन्द्रीय विभाग, जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, माइक्रोबायोलोजी केन्द्रीय विभाग, गणित केन्द्रीय विभाग, तथ्याङ्कशास्त्र केन्द्रीय विभाग, वातावरण केन्द्रीय विभाग, विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग र बायोटेक्नोलोजी केन्द्रीय विभाग रहेका छन्।

यस्तै रत्नराज्यलक्ष्मी क्याम्पस, अमृत क्याम्पस, नेपाल ल क्याम्पस, पुल्चोक क्याम्पस, पुल्चोक, विश्वभाषा क्याम्पस, महेन्द्र रत्न बहुमुखी क्याम्पस, थापाथली क्याम्पस तथा झापाको मेची बहुमुखी क्याम्पस, विराटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, स्नातकोत्तर क्याम्पस, विराटनगर नर्सिङ क्याम्पस छन्।

त्यसैगरी, धरानको पूर्वाञ्चल क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस, केन्द्रीय प्रविधि क्याम्पस, काठमाडौँको त्रिवि शिक्षण अस्पताल, आयुर्वेद क्याम्पस, मनमोहन कार्डियोथोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट केन्द्र, महाराजगञ्ज नर्सिङ क्याम्पस, पोखराको पृथ्वी नारायण क्याम्पस, पश्चिमाञ्चल क्षेत्रीय क्याम्पस, वन विज्ञान क्याम्पस रहेका छन्।

यसरी खोजबिन गर्दा मानविकी तथा सामाजिकशास्त्र सङ्काय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र इन्जिनियरिङ अध्ययन संस्थानका धेरै प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेका छन्। तीन सय ९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेकामा मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा १ सय १४ जना, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा १ सय ६ जना र इन्जिनियरिङ अध्ययन संस्थानमा ९९ जना छन्। वन विज्ञान अध्ययन संस्थानमा २८, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा १३, चिकित्साशास्त्र अध्ययन संस्थानमा नौ, शिक्षाशास्त्र सङ्कायमा नौ, व्यवस्थापन सङ्कायमा १९ र कानून सङ्कायमा एक प्राध्यापक रहेका छन्।

**फिर्ता गर्नेमा सांसद पनि**

त्रिभुवन विश्वविद्यालयबाट अध्ययन बिदा लिई पूरा अवधि काम नगरेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसका सांसदले तलबभत्ता फिर्ता गरेका छन् । कैलाली–५ बाट निर्वाचित रास्वपा सांसद डा. आनन्द चन्द र गण्डकी प्रदेशबाट राष्ट्रियसभामा निर्वाचित कांग्रेस सांसद जगत तिमिल्सिनाले रकम फिर्ता गरेका हुन्।

सांसद हुनुअघि उपप्राध्यापक चन्द त्रिवि पाटन संयुक्त क्याम्पस र सहप्राध्यापक तिमिल्सिना व्यवस्थापन केन्द्रीय विभागमा कार्यरत थिए। चन्दले गत ३० चैतमा ४४ लाख ५६ हजार र तिमिल्सिनाले गत २ वैशाखमा ३३ लाख ५० हजार रकम फिर्ता गरेका हुन्।

त्यसैगरी, रकम फिर्ता गर्नेमा मित्रमणि सुवेदी, हिमाकुमारी राउत, रीना श्रेष्ठ, पुष्पराज आचार्य, ज्ञानप्रसाद गौतम, डा. आशुतोषकुमार सिंह, जीवनाथ लम्साल, डा. बुना भण्डारी, दीपक पुडासैनी, सरस्वती दवाडी, थिरबहादुर बुढाथोकी, नारायण सुवेदी, प्रकाश आचार्य, शम्भु पौडेल, जगत तिमल्सिना, बालहरि पौडेल, वीरेन्द्रप्रसाद गुप्ता, अर्चना न्यौपाने तिमिल्सिना, शैलेन्द्रनाथ अधिकारी र आनन्दबहादुर चन्द छन् । त्रिविले अध्ययन बिदाको दुरुपयोग गर्ने शिक्षक कर्मचारीबाट उठ्ने रकम निवृत्तिभरण कोषमा राखेको छ। आर्थिक वर्ष २०८२–८३ को बजेटमा त्रिविले यो शीर्षकलाई आन्तरिक आम्दानीको स्रोतमा पनि राखेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# राष्ट्रियसभा अध्यक्ष र टर्किस सभामुखबीच शिष्टाचार भेट



**काठमाडौँ ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल र टर्कीको संसद् ग्रान्ड नेशनल एसेम्बलीका सभामुख नुमान कुर्तुल्मुसबिच शिष्टाचार भेटवार्ता भएको छ ।
अन्तर व्यवस्थापिका सङ्घ (आइपियू) को १५२ औँ महासभामा सहभागी हुन इस्तानबुलमा रहेका अध्यक्ष दाहालले टर्कीको संसद्का सभामुख नुमान कुर्तुल्मुस सँग शिष्टाचार भेट गरेका हुन् ।
भेटमा दुई देशबिचको सम्बन्ध, आपसी हित र संसदीय सहकार्यका विषयमा छलफल भएको थियो । द्विपक्षीय भेटमा अध्यक्ष दाहालले संसदीय सहकार्यमार्फत दुई देश बिचको सम्बन्ध अझ बलियो र प्रगाढ बनाउनु पर्ने उल्लेख गर्दै संसदीय अनुभव आदानप्रदान, भ्रमण र संसदीय मैत्री समूह गठनका लागि आफूहरू आतुर रहेको बताए । दुई देशबिचको कूटनीतिक सम्बन्ध ६ दशकदेखि नै सौहार्द र आपसी सम्मानमा आधारित रहेको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउन नेपालमै टर्कीको दूतावास स्थापना गर्न आग्रह गरे ।
अहिले टर्कीसँग जोडिएका सबै काम गर्न नेपालीहरू दिल्ली धाउनुपर्ने स्थिति रहेको भन्दै अध्यक्ष दाहालले नेपाल र टर्कीबिच श्रम सम्झौता गर्नुका साथै नेपालमै टर्किस दूतावास स्थापना भए दुई देशबिचको सहकार्यमा थप सहज हुने विश्वास व्यक्त गरे ।
आइपियूको महासभामा टर्की सरकार र संसद्ले गरेको स्वागत र हार्दिकताका लागि अध्यक्ष दाहालले धन्यवाद व्यक्त गरे ।
सो क्रममा टर्कीको संसद् ग्रान्ड नेशनल एसेम्बलीका सभामुख नुमान कुर्तुल्मुसले राष्ट्रियसभा अध्यक्षसहित नेपाली संसदीय प्रतिनिधि मण्डललाई इस्तानबुलमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए । टर्की र नेपालबिच द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउन आफूहरू सदैव तत्पर रहेको उल्लेख गर्दै सभामुख नुमानले नेपालमा टर्किस दूतावास खोल्न सकारात्मक रहेको बताए ।
टर्किस सरकारले नेपालका लागि सीमित कोटाको शैक्षिक छात्रवृत्तिको व्यवस्था गरेको उल्लेख गर्दै उनले छात्रवृत्तिको कोटा वृद्धि गर्ने र दुई देशबिचको व्यापार पनि बढाउने प्रतिबद्धता व्यक्त गरे ।
आगामी नोभेम्बरमा ऋइए–३१ टर्कीमा हुन लागेको उल्लेख गर्दै सभामुख नुमानले त्यसको नेतृत्वका लागि टर्कीलाई आवश्यक सहयोग गर्न अनुरोध पनि गरे । जवाफमा अध्यक्ष दाहालले ऋइए–३१को नेतृत्वका लागि शुभकामना दिँदै नेपाल त्यसका लागि सकारात्मक रहेको उल्लेख गरे । भेटमा आइपियूमा सहभागी नेपाली संसदीय प्रतिनिधि मण्डलका सदस्यहरू पनि उपस्थित रहेका थिए । रासस

# सामाजिक सञ्जालका सूचना चिन्न आवश्यकः सञ्चारमन्त्री

**नुवाकोट ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले सामाजिक सञ्जालमा फैलिएका सूचना हल्ला हुन वा आधिकारिक हुन भनेर चिन्न आवश्यक रहेको बताएका छन् ।
पछिल्लो समय सरकारले प्रत्येक मन्त्रीलाई नयाँ मोबाइल फोन उपलब्ध गराउने तयारी गरिरहेको भनी फैलिएको विषय पूर्ण रूपमा भ्रामक र कपोलकल्पित रहेको उनले स्पष्ट पारे ।
यहाँको लिखु गाउँपालिका–६ स्थित छहरे बजारमा स्थानीयसँगको भेटघाटका क्रममा मन्त्री डा तिमिल्सिनाले पछिल्लो समय सामाजिक सञ्जाल तथा विभिन्न माध्यमबाट फैलिएको उक्त सूचना सत्य नभएको जनाउँदै यस्ता भ्रमपूर्ण सामग्रीले सरकारप्रति अनावश्यक अविश्वास सिर्जना गर्ने प्रयास भएको उल्लेख गरे । उनले यस्तो सूचना गलत नियतका साथ फैलाइएको हुनसक्ने आशंकासमेत व्यक्त गरे ।
मन्त्री डा तिमिल्सिनाले नागरिकलाई कुनै पनि सूचना साझा गर्नु अघि त्यसको सत्यता र स्रोतको विश्वसनीयता जाँच गर्न आग्रह गर्नुभयो । पुष्टि नभएका सूचना विश्वास गर्नु र फैलाउनुपूर्व त्यसको आधिकारिकता खोज्नु हामी हरेक सचेत नागरिकको जिम्मेवारी पनि हो । उनले भने ।
सञ्चारमन्त्री डा तिमिल्सिनाले वर्तमान सरकार नागरिकको करबाट सङ्कलित स्रोतसाधनको सदुपयोग गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै जनताको पैसाको कहीँकतै दुरुपयोग भएको देखिएमा नागरिकले खबरदारी गर्नुपर्नेसमेत बताए । हामीले सत्यमा आधारित प्रश्न गर्न छोड्न हुँदैन । यसले सरकारलाई पनि थप जिम्मेवार बनाउँछ । तर फैलिएका सबै सूचना सही हुन वा होइनन् भनेर चनाखो हुनुपर्छ, उनले भने ।



सरकारको प्राथमिकता नागरिकको जीवनस्तर सुधार र देशको समग्र विकासमा केन्द्रित रहेको उनको भनाइ थियो । यसै सन्दर्भमा उनले प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार शून्य सहनशीलताको नीतिमा अघि बढिरहेको र कुनै पनि प्रकारको अनियमितता वा पदको दुरुपयोग सहन नहुने स्पष्ट गरे । प्रश्न उठ्ने बित्तिकै सरकारले छानबिन र आवश्यक कारबाही अघि बढाउने नीति अवलम्बन गरिएको उनले स्पष्ट पारे ।
मन्त्री डा तिमिल्सिनाले लोकतान्त्रिक व्यवस्थामा जनताको अपेक्षा र आवाजलाई केन्द्रमा राखेर काम गर्न सरकार प्रतिबद्ध रहेकोसमेत उल्लेख गरे । नागरिकलाई सहज सेवाप्रवाह, सुशासन र पूर्वाधार विकासका काममा विगतका वर्षहरूमा अपेक्षित रूपमा काम हुन नसकेको अवस्थामा अब परिणाममुखी ढंगले काम गर्ने समय आएको उनले बताए । बोलेर होइन, काम गरेर देखाउने हाम्रो लक्ष्य हो । हामी अभिव्यक्तिभन्दा प्रमाण र परिणाममा विश्वास गर्छौं, उनले भने । उनले विकास प्रक्रिया क्रमिक हुने भएकाले तत्काल चमत्कारको अपेक्षा नगर्न आग्रह गर्दै दीर्घकालीन सोचका साथ अघि बढ्नुपर्ने धारणा राखे । सरकारले गाउँगाउँमा पुगेर नागरिकको प्रत्यक्ष आवाज सुन्ने र सोही आधारमा नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यलाई प्राथमिकता दिएको उनको भनाइ थियो । कार्यक्रममा मन्त्री डा तिमिल्सिनाले जिल्लाको समग्र विकास र स्थानीय जनताको आकांक्षाबारे आफू जानकार रहेको उल्लेख गर्दै आगामी दिनमा ती आवश्यकतालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै, नागरिकलाई सकारात्मक सुझाव र सहकार्यका लागि आह्वान गर्दै विगत २० वर्षमा पूरा हुन नसकेका विकासका काम आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ सरकार अघि बढिरहेको बताए । रासस

# संविधान संशोधनका लागि सुझाव दिन गठित विज्ञ समितिलाई काँग्रेसले दियो पूर्णता

**पाटन ।**
नेपाली कांग्रेसले संविधान संशोधनका विषयमा अध्ययन गरी आवश्यक सुझाव दिन गठित विज्ञ समितिलाई पूर्णता दिएको छ । गत चैत ११ गते बसेको पार्टी केन्द्रीय कार्यसमितिको बैठकले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा गठन गरेको उक्त समितिलाई पूर्णता दिएको हो ।
पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले आइतबार एक विज्ञप्ति जारी गरी विज्ञ समूहमा वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, प्रेमबहादुर खडका, उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर केसी, यदुनाथ खनाल, गोपालकृष्ण घिमिरे, योगेन्द्रबहादुर अधिकारी, दिनेश त्रिपाठी, सीताराम केसी, ललितकुमार बस्नेत, अधिवक्ताहरू रनबहादुर थेवे, शर्मिला श्रेष्ठ, झलमाया विकलाई सदस्यमा मनोनयन गरिएको जानकारी दिए । समितिको सदस्य सचिवमा अधिवक्ता राजु कटुवाललाई जिम्मेवारी दिइएको छ ।




यसैगरी, समितिलाई पाँचबुँदे कार्यविवरणसमेत दिइएको विज्ञप्तिमा उल्लेख छ । कार्यविवरणमा संविधान निर्माणका क्रममा विभिन्न समुदाय र समूहबाट उठेका माग, आन्दोलन र सम्झौताहरूको अध्ययन गर्नाका साथै संविधान कार्यान्वयन निर्माणपश्चात् देखिएका समस्या, सङ्घीयताको अभ्यास, तहगत सरकार सञ्चालनका चुनौती तथा सरोकार भएकाहरूसँग संवाद गरी विश्लेषण गर्ने जिम्मेवारी दिइएको छ ।
यसैगरी, गत भदौ २३ र २४ मा जेनजी युवा पुस्ताको आह्वानमा भएको आन्दोलनको भावनाअनुसार सुशासन, सेवा प्रवाह र प्रतिनिधित्वलगायत विषयमा उठेका माग र सम्झौतामा उल्लिखित विषय, गत भदौ २१ को निर्वाचनमा पार्टीले प्रतिज्ञापत्रमा उल्लिखित संविधान संशोधनसम्बन्धी विषय र एक दशकको अनुभवका आधारमा संविधान कार्यान्वयनको समीक्षा गर्दै सुझावसहित प्रतिवेदन तयार पार्ने कार्यविवरण दिइएको छ ।
उक्त समितिको सुझावका आधारमा संविधान संशोधनबारे आफ्नो धारणा तय गर्ने र राष्ट्रिय सहमतिका लागि अन्य राजनीतिक दल, नागरिक समाज तथा विशेषज्ञहरूसँग संवाद अघि बढाउने जनाइएको छ । कांग्रेसले सरकारले संविधान संशोधनसम्बन्धी बहसलाई प्राथमिकता दिएकामा स्वागत गर्दै सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।
यस्तै, विसं २०७२ मा संविधानसभामार्फत जारी भएको नेपालको संविधानलाई ऐतिहासिक उपलब्धि भन्दै यसको संरक्षण र प्रभावकारी कार्यान्वयन आफ्नो मूल दायित्व भएको उल्लेख गरेको छ ।
संविधान जारी भएको एक दशक पूरा भइसकेको सन्दर्भमा समयानुकूल संशोधन र अद्यावधिक लोकतान्त्रिक प्रक्रिया हो ।
पार्टीले २०८२ को प्रतिनिधिसभा निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार संविधानका अभ्यासमा देखिएका समस्यालाई संशोधनमार्फत सम्बोधन गर्दै सङ्घीयता, समावेशिता र नागरिक अधिकारलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यसका लागि राजनीतिक दल, नागरिक समाज र आमजनतासँग व्यापक संवाद र सहमतिमा आधारित पहल अघि बढाइने छ, विज्ञप्तिमा भनिएको छ । रासस

# गैरजिम्मेवार सामग्री सम्प्रेषण अक्षम्यः सञ्चारमन्त्री

**नुवाकोट ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले अभिव्यक्ति स्वतन्त्रताको नाममा भ्रामक तथा गैरजिम्मेवार सामग्री सम्प्रेषण नगर्न सञ्चारमाध्यम एवम् सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेका छन् ।
आईतबार विदुर नगरपालिकाको बट्टारमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले सञ्चार जगत्ले जिम्मेवार एवम् आत्मअनुशासित भएर काम गर्नुपर्ने बताए । राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार जगत् विधिविधान र आचारसंहिता परिपालनामा गम्भीर हुनुपर्ने मन्त्री तिमिल्सिनाको भनाइ थियो ।
सामाजिक सञ्जालमा मात्र नभै सञ्चार जगत्ले सम्प्रेषण गर्ने सामग्रीमा पनि केही समस्या छन् । यदि यस्ता कुरामा कडाई गर्न थाल्यौँ भने फेरि अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाइयो भनेर सञ्चारमाध्याम नै आवाज उठाउन थाल्छन्, उनले भने,यी सबै समस्या कारबाहीबाट समाधान गरिनुपर्छ भन्ने पक्षमा सरकार छैन । तपाईंहरू आफैँ स्वनियमन र आचारसंहिताको पूर्णपालनामा केन्द्रित हुनुहोला ।
सञ्चारमन्त्री डा तिमिल्सिनाले समाचारले पार्ने प्रभावको बहुआयामिक विश्लेषण गर्न पनि आग्रह गरेका छन् । भ्रमको आयु छोटो हुन्छ, तर त्यसले पार्ने क्षति




गम्भीर हुनसक्छ । त्यसैले अपुष्ट सूचनाबाट सञ्चारमाध्याम सचेत हुन जरूरी छ, उनको भनाइ थियो ।
सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले पूर्ण प्रेस स्वतन्त्रता तथा व्यावसायिक पत्रकारितालाई प्रवद्र्धन गर्दै श्रमजीवि पत्रकारको हितमा काम गर्ने बताए । उनले विज्ञापन तथा सूचना प्रकाशन÷प्रसारणमा पारदर्शीता ल्याउन, मितव्ययिता कायम गर्न र सरकारी सञ्चारमाध्यमको प्रवद्र्धनका लागि विज्ञापन नीतिमा केही नयाँ व्यवस्था कार्यान्वयनमा ल्याइएको उल्लेख गरे ।
सरकारले आफ्ना सूचना तथा जानकारी सरकारी सञ्चारमाध्यामबाट मात्रै सम्प्रेषण गर्ने विषय पारदर्शिताको प्रश्नसँग जोडिएको छ । यसमा तमाम समस्या छन् र अनियमितता भएको छ भनेर पत्रकारिता क्षेत्रबाटै उठाइएका विषय हुन्”, सञ्चारमन्त्री डा तिमिल्सिनाले भने,संस्थागत रूपमा सुशासन कायम गर्ने दायित्व सञ्चारजगत्को पनि उत्तिकै रहेकाले श्रमजीवि पत्रकार र व्यावसायिक सञ्चारको संरक्षणमा सरकार प्रतिबद्ध छ ।
उनले सञ्चारमाध्यम बलियो नभए सरकार पनि बलियो नहुने उल्लेख गर्दै सञ्चारमाध्यम जिम्मेवार नभएसम्म सरकारलाई पनि जिम्मेवार बनाउन कठिन हुने धारणा राखे । सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारी सञ्चारमाध्यमलाई थप जिम्मेवार र व्यावसायिक बनाउन पहल भइरहेको उल्लेख गर्दै समाधानमुखी र तथ्यमा आधारित पत्रकारितामा जोड दिए । उनले विधिको पालना गर्दै सरकार जनताप्रति उत्तरदायी भएर काम गर्न प्रतिबद्ध रहेको बताए ।
नागरिकको करबाट सञ्चालित स्रोतको दुरुपयोग रोक्न सरकार गम्भीर छ । सरकारले काम र नतिजामार्फत जनतालाई जवाफ दिन्छ । हल्ला र अफवाहमा नभई सरकारले नीति र परिणाममा विश्वास गर्छ, उनले भने,वर्तमान सरकार गठन भएको तीन हप्ता मात्र भएको छ । यस अवधिमा नागरिकका अपेक्षा र आवश्यकता बुझेर काम अघि बढाइएको छ । निर्वाचनका क्रममा जनताले के चाहिरहेका छन् भन्ने हामीले बुझेका छौँ, हाल त्यहीअनुसार काम भइरहेको छ ।
विगतमा जनताका प्रश्नको उत्तर समयमै नदिइएका कारण हरेक नागरिकमा आशाको अभाव देखिएको उल्लेख गर्दै मन्त्री डा तिमिल्सिनाले हाल काममार्फत त्यसको उत्तर दिने प्रयास भइरहेको बताए । सहज सेवा प्रवाह, सुशासन, विकास निर्माणलगायत क्षेत्रका समस्या स्रोत–साधनको अभावले मात्र होइन, कार्यशैली र प्रतिबद्धताको कमीले पनि देखिएका थिए । यिनै समस्या चिर्ने काम सरकारले गरिरहेको छ, उनले भने ।
सरकारले सुशासन कायम गर्ने र प्रभावकारी सेवा प्रवाह गर्ने जनादेश पाएकाले सोहीअनुसार आफूहरूले काम गर्ने र कुनै समस्या भए निरन्तर खबरदारी र निगरानी राख्न पनि उनले आग्रह गरे । सरकारलाई सत्यमा आधारित प्रश्न गर्नुहोस् । समस्या देखिएका ठाउँमा गाँठो फुकाउन दबाब दिनुहोस् र समस्या समाधान कसरी गर्न सकिन्छ भनेर सुझाव दिनुस्, त्यसलाई सहर्ष स्वीकार्छौं, सञ्चारमन्त्री तिमिल्सिनाले भने,तथापि, सामाजिक सञ्जालमा फैलाइने भ्रामक सूचनाले कसैलाई फाइदा गर्दैन । यसमा सबै सचेत बनौँ ।
सेवा प्रवाहलाई सहज बनाउन सूचना र प्रविधिको अधिकतम् प्रयोग गर्ने सरकारको योजना रहेको पनि उनले जानकारी दिए ।
मन्त्री तिमिल्सिनाले युवा विदेशिने बाध्यता अन्त्य गर्न मुलुकभित्रको वातावरण सुधार्ने, देशलाई बस्न योग्य बनाउने र अवसर सिर्जना गर्ने लक्ष्यसहित काम भइरहेको उल्लेख गरे । काम गर्ने क्रममा समस्या आउन सक्ने स्वीकार्दै उनले नियत सही भए प्रक्रियागत रूपमा समाधान गर्न सकिने बताए । मन्त्री तिमिल्सिनाले केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई प्राथमिकता दिइने उल्लेख गर्दै बुझाइमा केही समस्या भए पनि सेवा प्रवाहमा असर पर्न नदिने प्रतिबद्धता जनाए । रासस

# सरकारी सेवा प्रभावकारी बनाउन निर्देशन

नुवाकोट ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा.विक्रम तिमिल्सिनाले कर्मचारीलाई जिम्मेवारीपूर्वक काम गरी गर्व गर्न लायक नतिजा देखाउन आग्रह गरेका छन् । ‘जेनजी’ आन्दोलन पछिको राजनीतिक परिवर्तनलाई कर्मचारी संयन्त्रले पनि बदलिएर साथ दिनुपर्ने समय आएकाले आफूले दिएको सेवाप्रति गर्व गर्न लायक काम गर्न उनले कर्मचारीलाई निर्देशन दिए ।
जिल्ला प्रशासन कार्यालयमा आईतबार आयोजित जिल्लाका सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिसँगको छलफलमा मन्त्री डा.तिमिल्सिनाले सेवा प्रवाहमा ढिलाइ, गैह्रजिम्मेवारी र बहाना अब सह्य नहुने स्पष्ट पारे । राजनीतिक परिवर्तनको मर्म बुझ्न आग्रह गर्दै उनले नयाँ सरकार किन बनेको हो भन्नेबारे सबैले आत्मसमीक्षा गर्नुपर्ने भन्दै सरकारी सेवामा सुधार गरेर जनतालाई सहज रुपमा सुशासन दिन कर्मचारीतन्त्र लाग्नुपर्ने बताए ।
समस्या देखाउन सजिलो हुन्छ । तर, अब हामीले आफैँतिर औँला उठाउनुपर्छ । हामीले काम गर्ने भनेको राजनीतिक लाभका लागि नभई देशको सेवाका लागि हो, मन्त्री डा.तिमिल्सिनाले भने । अहिलेको सरकार पारदर्शिता र जवाफदेहिताको जगमा बनेको उल्लेख गर्दै उनले हरेक नागरिक उत्तिकै जिम्मेवार र जवाफदेही हुनुपर्ने बताए ।
कसैलाई पनि गैह्रजिम्मेवार हुने छुट छैन । आफूलाई सुम्पिएको काम कि त जिम्मेवार भएर पूरा गर्नुपर्छ, अन्यथा मार्ग प्रशस्त गर्नुपर्छ,मन्त्री डा तिमिल्सिनाले भने । जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई जवाफदेही बनाइने उनले स्पष्ट पारे । शासन सञ्चालन र सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउन निर्देशन दिँदै मन्त्री डा.तिमिल्सिनाले सरकारी कार्यालयले जनतालाई सेवा दिन बसेको हो भन्ने अनुभूति दिलाउनुपर्ने बताए । जनतालाई केन्द्रमा राखेर काम गर्नुको विकल्प छैन, अब सबैले काम गर्नुपर्ने समय आएको छ । विगतको तुलनामा आफूलाई सन्तुष्ट हुने गरेर काम गर्न लाग्नुहोस्, उनले भने । सूचनाको मूल्याङ्कन सन्तुलित ढङ्गले गर्नुपर्ने उल्लेख गर्दै मन्त्री डा तिमिल्सिनाले कुनै पनि सूचना एकाङ्की रूपमा नलिन र भेदभावपूर्ण व्यवहार नगरी खुला रुपमा सेवाग्राहीको काममा खटिन कर्मचारीलाई सुझाव दिए । संसद्को मुख्य काम कानुन निर्माण भएको उल्लेख गर्दै उनले दशकौँ पुराना कानुनका कारण सरकारी सेवा प्रवाहमा भइरहेको अवरोधलाई हटाउन आवश्यक कानुन छिट्टै निर्माणको तयारीमा अहिलेको संसद् र सरकार लागिसकेको जानकारी दिए । नयाँ कानुन बनाउने र पुराना परिमार्जन गर्ने प्रक्रिया अघि बढिरहेको उनको भनाइ थियो ।
मन्त्री डा.तिमिल्सिनाले रोकिएका फाइल तत्काल अघि बढाउन निर्देशन दिँदै ‘शून्य फाइल’ अभियान सफल बनाउन मन्त्रालयदेखि प्रदेश र जिल्ला तहमा रहेका कर्मचारी संयन्त्र सबै सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए । ‘शून्य फाइल’ अभियानलाई नतिजामुखी बनाउन साप्ताहिक, पाक्षिक र मासिक प्रगति सार्वजनिक गर्न उनले सुझाव दिए । रासस

# विषादीरहित तरकारी उत्पादनमा किसान



**टीकापुर ।**
टीकापुरका किसान विषादीरहित प्राकृतिक तरकारी उत्पादनमा लागेका छन् । मानव स्वास्थ्य र माटो संरक्षणका लागि यहाँका एक सय ४० किसानले विषादीरहित तरकारीखेती गर्न थालेका हुन् ।

विषादीको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने बुझेपछि प्राकृतिक तरकारी खेतीतर्फ लागेको किसानहरू बताउँछन् । ती किसानले आठ वटा कृषक समूह बनाएर तरकारी खेती गरिरहेको जनाएका हुन् । टीकापुर– १ को वनगाउँ र शङ्करपुर, वडा नं २ को राजीपुर र सीतापुर, वडा नं ३ को घीया, वडा नं ५ नुक्लीपुरमा समूह बनाएर तरकारी खेतीतर्फ लागेका हुन् ।

टीकापुर–१ वनगाउँस्थित असल चमेली कृषक समूहका अगुवा किसान मीनबहादुर चौधरीले विषादी न्यूनीकरण र सुरक्षित खाद्य तत्व संरक्षणका लागि तीन वर्षदेखि खेती गर्न थालिएको बताए । ‘माटोको उर्वरा शक्ति बढाउने, बढी उत्पादन लिने र जैविक जीवाणु संरक्षण तथा स्वस्थ तरकारी उत्पादनमा जैविक प्राकृतिक खेतीमा लागेका छौँ’, उनले भने, ‘हामीले नजानेर माटो र स्वास्थ्यमा खेलवाड गरिरहेका रहेछौँ भन्ने बुझेपछि यसतर्फ लागेका हौँ । खेतीमा रासायनिक मल र विषादी हाल्दैनौँ, घरमै जैविक विषादी बनाएर प्रयोग गरिरहेका छौँ ।’

किसानले घरमै जैविक, घरेलु मल बनाउने गरेका छन् । मल बनाउन झारपात, सडेगलेका तरकारी, पिसाब आदि प्रयोग गरिन्छ ।

वनगाउँमा रहेको कृषक समूहमा १५ जना किसान आबद्ध छन् । यी किसान कसैले पाँच कट्ठा त कसैले १५ कट्ठा जमिनमा तरकारीखेती गरिरहेका छन् । यतिबेला यहाँका बारीमा काक्रा, फर्सी, लौका, भिन्डी, खुर्सानी, टमाटरलगायतको तरकारी छ । पछिल्लो समय उपभोक्ताले पनि विषादीरहित उत्पादनको महत्त्व बुझेपछि बारीमै तरकारी किन्ने आइरहेका छन् । बचेको तरकारी टीकापुर बजारमा लाग्ने हाटबजारमा बिक्री गर्ने गरिएको चौधरीले जानकारी दिए ।

टीकापुर नगरपालिकाले अर्गानिक तरकारीखेती गर्ने किसानको सहजताका लागि हाटबजारमा छुट्टै ‘स्टल’ को व्यवस्था गरिदिएको छ । यसरी अर्गानिक खेती गरे पनि बजार मूल्य अन्य तरकारी सरह हुँदा आफूहरू मर्कामा परेको किसानको गुनासो छ । किसान रुविना चौधरीले विषादीरहित र अर्गानिक तरकारीको मूल्य फरक हुनुपर्ने बताए ।

‘हामीले मानव स्वास्थ्य र वातावरण संरक्षणमा योगदान पुग्ने गरी उत्पादन गरिरहेका छौँ, तर बजार मूल्य भने अन्य तरकारीजस्तै छ’, उनी भन्छन्, “यसले हामी मारमा परिरहेका छौँ । अब सबैले हाम्रो मेहनत बुझ्नुपर्छ, विषादी नहालेको तरकारी उत्पादक किसानलाई प्रोत्साहन गर्न उपभोक्ता र सरकार पनि गम्भीर बन्नुपर्छ ।’ किसानको जीविकोपार्जनमा सुधार र उपभोक्ताका स्वास्थ्य लाभका लागि प्राकृतिक तरकारीखेतीमा लाग्न सेवक नेपाल नामक संस्थाले सहयोग गरिरहेको छ । यसमा टीकापुर नगरपालिकाको पनि सहकार्य छ ।

सेवक नेपालका परियोजना अधिकृत प्रेम चौधरीले संस्थाले समूहमा आबद्ध एक सय ४० जना किसानलाई प्राकृतिक खेतीका लागि बीउबिजन, प्रविधि र अन्य प्राविधिक सहयोग गरिरहेको बताए । किसानलाई विषादी र रासायनिक मल प्रयोग गर्न नदिन सचेत गराउनुका साथै विकल्पका रूपमा स्थानीयस्तरमै पाइने सामग्री प्रयोग गरी झोल मल बनाउन सिकाइएको उनले जानकारी दिए । रासस

# मधुवा रोगको समस्याले किसान चिन्तित

**बाँके ।**
बाँकेमा आँपको फल लाग्ने बेला यस वर्ष मधुवा रोगको समस्या देखिएको छ । आँपमा फल लाग्ने मुख्य समयमा नै कीराको समस्या देखिएको जानकी गाउँपालिका–१ का उत्पादक किसान अब्दुल वाजिद साईले बताए ।

‘फूल फुल्ने समयमै कीराको समस्या देखिएको छ’, उनले भने, ‘आँपको फूल कीराले चुसेर खाएकाले धेरै फल लाग्ने सम्भावना कम छ ।’कृषि ज्ञान केन्द्र बाँकेले यस समस्याबाट जुध्न किसानलाई परामर्श र विषादी सिफारिस गर्दै आएको छ । कीराको समस्या देखिनुअघि नै सतर्कता अपनाउनु उत्तम उपाय भएको कार्यालयका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले बताए ।



‘कीराको सङ्क्रमणबाट जोगिन आँपमा फूल लाग्नुभन्दा अगाडि नै आवश्यक विषादीको प्रयोग गर्नुपर्दछ । ढिलो गरी विषादी प्रयोग गर्दा फूलमा क्षति भइसकेको हुन्छ’, वरिष्ठ बागवानी विकास अधिकृत पाठकले भने, ‘कीराको समस्यालाई समयमै नियन्त्रण गर्न नसके जिल्लाको समग्र आँप उत्पादनमा ठूलो ह्रास आउने अवस्था देखिएको छ ।’

जिल्लामा गत वर्ष एक हजार १५ हेक्टर क्षेत्रफलमा नौ हजार ९१५ मेट्रिक टन आँप उत्पादन भएको थियो । तर, यस वर्ष मधुवा फड्केकीराको तीव्र सङ्क्रमणका कारण सोही परिमाणमा उत्पादन हुने सम्भावना निकै कम देखिएको सूचना अधिकारी पाठकको भनाइ छ । उनका अनुसार, मधुवा फड्केकीरा समूहमा उड्ने र निकै छिटो एक बगैँचाबाट अर्कोमा सर्ने गर्दछ । यसले आँपको फूल र कलिलो मुनाको रस चुस्छ, यसका कारण फूलहरू ओइलाउँछन् र फल नलाग्दै झर्छन् । कीराले एउटा चिप्लो पदार्थ पनि छोड्ने गर्छ, जसले गर्दा फूलमा कालो ढुसी लागेर झन क्षति पु¥याउँछ । कृषि ज्ञान केन्द्रले प्रभावित किसानहरूलाई तत्काल प्राविधिक सल्लाह लिन र सिफारिस गरिएका विषादीहरूको उचित मात्रामा प्रयोग गर्न आग्रह गरेको सूचना अधिकारी पाठकले बताए । रासस

# अमेरिकासँग दूरी, युरोपतर्फ बेलायतको झुकाव

**लन्डन ।**
इरानसँगको युद्ध र त्यससँग जोडिएको कूटनीतिक तनावले अमेरिकासँग बेलायतको परम्परागत ‘विशेष सम्बन्ध’ मा चिसोपना ल्याएपछि बेलायतले पुनः युरोपेली सङ्घ (इयु) तर्फ नजिकिने रणनीति तीव्र बनाएको छ । सरकार आगामी महिना नयाँ कानूनमार्फत् युरोपसँगको सम्बन्ध पुनर्संरचना गर्ने तयारीमा पुगेको छ, जसलाई बदलिँदो अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको सन्दर्भमा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

प्रधानमन्त्री किर स्टार्मर नेतृत्वको सरकारले ‘इयु रिसेट’ विधेयक ल्याउने तयारी गरेको छ, जसले बेलायतलाई इयुका नियमहरूसँग क्रमशः मिलाउन सक्ने अधिकार दिनेछ । यसलाई ‘डायनामिक एलाइनमेन्ट’ भनिएको छ, जसले आर्थिक र व्यापारिक सहकार्यलाई सहज बनाउने अपेक्षा गरिएको छ । एक सरकारी अधिकारीका अनुसार राजा चाल्र्स तृतीयले मे १३ मा संसद्मा सरकारको आगामी विधायी योजना प्रस्तुत गर्दा यसबारे औपचारिक घोषणा गरिनेछ ।

विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अप्रत्याशित व्यवहार र बेलायतप्रति कठोर अभिव्यक्तिले लन्डनलाई वैकल्पिक साझेदारीतर्फ सोच्न बाध्य बनाएको विश्लेषण गरिएको छ । ब्रिटिस फरेन पोलिसी ग्रुपका निर्देशक इभी एस्पिनलका अनुसार इरान युद्धले पहिले नै युरोपसँग नजिकिन चाहिरहेको बेलायती सरकारलाई थप गति दिएको छ ।

सन् २०२४ को आम निर्वाचनमा लेबर पार्टीले जित हासिल गरेपछि स्टार्मरले निरन्तर रूपमा युरोपसँग गहिरो आर्थिक र सुरक्षा सहकार्यको पक्षमा आवाज उठाउँदै आएका छन् । हालै डच नेता रोब जेटेनसँगको भेटमा उहाँले वर्तमान चुनौतीहरूको सामना गर्न बेलायत–इयु साझेदारीलाई नयाँ स्वरूप दिन आवश्यक रहेको बताएका थिए ।

इयु बेलायतको सबैभन्दा ठुलो व्यापारिक साझेदार रहँदै आएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले समेत इरान द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित हुने उन्नत अर्थतन्त्रमध्ये बेलायत पर्ने चेतावनी दिएको छ । यसले पनि युरोपसँगको सहकार्यलाई पुनः प्राथमिकतामा ल्याएको देखिन्छ । एक बेलायती अधिकारीले इरान सङ्कटले यो पुनर्संरचना अझ आवश्यक बनाएको स्वीकार गरेका छन् ।

स्टार्मरले फेब्रुअरी २८ मा अमेरिका र इजरायलले सुरु गरेको प्रारम्भिक आक्रमणमा बेलायतलाई प्रत्यक्ष रूपमा संलग्न गराउन अस्वीकार गरेका थिए, जसले ट्रम्प प्रशासनलाई असन्तुष्ट बनाएको थियो । यद्यपि, उनले अमेरिकी सेनालाई सीमित रक्षात्मक प्रयोजनका लागि बेलायती सैन्य आधार प्रयोग गर्न अनुमति दिएका थिए । यसबिच ट्रम्पले बेलायतसँगको व्यापार सम्झौता खारेज गर्ने धम्कीसमेत दिएका थिए, जसले दुई देशबिचको सम्बन्ध थप तनावपूर्ण बनाएको छ ।

ब्रेक्सिटपछिको व्यापार नीतिका विज्ञ डेभिड हेनिगका अनुसार ट्रम्पको अविश्वसनीय नीतिले बेलायत–इयु सम्बन्धमा नयाँ गति दिएको छ । उनले स्वतन्त्र व्यापार नीतिभन्दा इयुसँग सहकार्य बढी व्यवहारिक विकल्प देखिएको उल्लेख गरे ।

सरकारले आगामी महिनाहरूमा इयुसम्बन्धी कानून संसद्मा पेस गर्ने तयारी गरेको छ । यो सन् २०१६ को ब्रेक्सिट जनमतसङ्ग्रहको १०औँ वार्षिकोत्सवको आसपास हुन सक्छ । प्रस्तावित व्यवस्थाअनुसार सांसदहरूले इयु नियमहरू अपनाउने प्रक्रियामा कतिपय अवस्थामा पूर्ण मतदानबिनै अनुमोदन दिने अधिकार पाउनेछन् ।

यस पहलअन्तर्गत खाद्य तथा वनस्पति निर्यातमा झन्झट कम गर्ने व्यापार सम्झौता र बेलायतलाई इयुको आन्तरिक विद्युत् बजारसँग जोड्ने योजना समावेश छन् । साथै, बेलायत र इयुबीच युवा आवागमन योजनासम्बन्धी वार्ता पनि अन्तिम चरणमा पुगेको छ, जसलाई जुनको अन्त्य वा जुलाईको सुरुमा हुने संयुक्त शिखर सम्मेलनमा टुङ्ग्याउने लक्ष्य राखिएको छ । यद्यपि स्टार्मरले बेलायतलाई पुनः एकल बजारमा फर्काउने वा स्वतन्त्र आवागमन पुनःस्थापना गर्ने सम्भावना अस्वीकार गरेका छन् ।

लिबरल डेमोक्रेट्सले भने बेलायतले इयुसँग भन्सार सङ्घको सम्भावनाबारे पनि छलफल गर्नुपर्ने धारणा राखेका छन् ।

ब्रेक्सिट अझै पनि बेलायती राजनीतिमा संवेदनशील विषय बनेको छ । निगेल फराज नेतृत्वको रिफर्म युके पार्टीले इयुसँग नजिकिने कुनै पनि प्रयासलाई जनमतसङ्ग्रहको निर्णयविरुद्धको ‘विश्वासघात’ भन्दै आलोचना गरेको छ । तर पछिल्ला सर्वेक्षणहरूले धेरै बेलायती मतदाताले इयु छोड्ने निर्णयप्रति पछुतो व्यक्त गरिरहेको देखाउँछन्, जसलाई स्टार्मर सरकारले अवसरका रूपमा लिएको छ । यसैबिच बढ्दो जीवनयापन खर्च र आर्थिक दबाबले पनि जनमतमा प्रभाव पारेको छ । अर्थमन्त्री रेचल रिभ्सले ट्रम्पले स्पष्ट रणनीति बिना युद्ध सुरु गरेको आरोप लगाउँदै त्यसको असर बेलायती परिवारमा परेको बताए । विश्लेषक एस्पिनलका अनुसार अमेरिकासँगको सम्बन्ध कमजोर बन्दै जाँदा इयुसँगको घनिष्ठ सम्बन्धप्रति जनताको विरोध क्रमशः घट्दै गएको छ, जसले बेलायतको विदेश नीति नयाँ दिशातर्फ मोडिएको सङ्केत गर्दछ । रासस

# होर्मुजमा पुनः तनाव, अन्तिम सम्झौता अझै टाढा

**इरान ।**
इरानले संयुक्त राज्य अमेरिकाले आफ्ना बन्दरगाहहरूमाथिको नौसैनिक नाकाबन्दी नहटाएसम्म होर्मुजको जल डमरूमध्य पूर्ण रूपमा खुला नहुने स्पष्ट पारेसँगै क्षेत्रीय तनाव पुनः चुलिएको छ । केही समयका लागि खुलेको जलमार्ग फेरि अनिश्चित बनेपछि विश्व ऊर्जा बजारमा पनि पुनः चासो र चिन्ता बढेको छ ।



इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले टेलिभिजनमार्फत् सम्बोधन गर्दै अमेरिकासँग भइरहेको वार्तामा केही प्रगति भए पनि आधारभूत विषयहरूमा अझै गहिरो मतभेद रहेको बताए । उनका अनुसार अन्तिम शान्ति सम्झौता तत्काल सम्भव देखिँदैन र वार्ता अझै निर्णायक चरणमा पुगेको छैन । इजरायल र अमेरिकासँगको युद्ध अन्त्य गर्ने उद्देश्यले भइरहेको संवादमा धेरै जटिल पक्षहरू बाँकी रहेको उनको भनाइ थियो ।

दुई साताका लागि गरिएको युद्धविराम बुधबार समाप्त हुने तयारीमा छ, जसले आगामी अवस्था थप अन्योलपूर्ण बनाएको छ ।

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग ‘राम्रो वार्ता’ भइरहेको दाबी गर्दै तेहरानलाई दबाबमूलक रणनीति नअपनाउन चेतावनी दिए । उनले इरानले होर्मुजमार्फत् अन्तर्राष्ट्रिय समुदायलाई ‘ब्ल्याकमेल’ गर्न खोजेको आरोप समेत लगाए ।

शुक्रबार इरानले लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहसँग इजरायलबीच सहमति भएपछि होर्मुज जल डमरूमध्य खुला गरिएको घोषणा गरेको थियो । विश्वको करिब पाँचौँ भाग तेल र तरलीकृत प्राकृतिक ग्यास यही मार्गबाट ओसारपसार हुने भएकाले यस निर्णयले विश्व बजारमा राहत दिएको थियो र तेलको मूल्य घटेको थियो । तर अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी कायम राख्ने अडान लिएपछि तेहरानले पुनः जलमार्ग सीमित गर्ने सङ्केत दिएको हो ।

यदि अमेरिकाले नाकाबन्दी हटाएन भने होर्मुजमा आवागमन निश्चित रूपमा सीमित हुनेछ, गालिबफले चेतावनी दिए । यसैबिच इरानका सर्वोच्च नेता मोजताबा खमेनीले लिखित सन्देशमार्फत् इरानी नौसेना अमेरिकाविरुद्ध लड्न पूर्ण रूपमा तयार रहेको उल्लेख गरे ।

तनावबीच इरानको रिभोलुसनरी गार्ड्सले अनुमति बिना जल डमरूमध्य पार गर्ने जहाजहरूलाई शत्रुसँगको सहकार्य मानिने र आवश्यक परे ‘लक्षित’ गरिने चेतावनी दिएको छ । छोटो समयका लागि खुल्दा केही तेल र ग्यास ट्याङ्करहरू पार भए पनि धेरै जहाजहरू पछि हटेका छन् र शनिबार दिउँसोसम्म जलमार्ग प्रायः सुनसान देखिएको ट्र्याकिङ तथ्याङ्कले देखाएको छ ।

समुद्री सुरक्षासम्बन्धी बेलायती एजेन्सीले एक ट्याङ्करमाथि गोली प्रहार भएको जानकारी दिएको छ भने भ्यानगार्ड टेक नामक सुरक्षा फर्मका अनुसार इरानी सेनाले खाडी क्षेत्रबाट बाहिरिँदै गरेको एक खाली क्रूज जहाजलाई नष्ट गर्ने धम्की दिएको छ । अर्को घटनामा अज्ञात प्रक्षेप्यले एक जहाजमा प्रहार गर्दा कन्टेनरहरू क्षतिग्रस्त भएका छन्, यद्यपि आगलागी भएको छैन ।

यसै क्रममा भारतले जल डमरूमध्यमा आफ्ना झण्डा बोकेका दुई जहाजमाथि भएको गोलीकाण्डप्रति कडा आपत्ति जनाउँदै नयाँदिल्लीस्थित इरानी राजदूतलाई बोलाएर विरोध दर्ता गराएको छ । कूटनीतिक पहलहरू पनि जारी छन् । पाकिस्तानसँगको मध्यस्थतामा संलग्न इजिप्टले चाँडै नै अन्तिम सम्झौता सम्भव हुने आशा व्यक्त गरेको छ । वार्ताका प्रमुख अवरोधका रूपमा इरानको उच्च स्तरसम्म समृद्ध गरिएको युरेनियमको भण्डार र होर्मुज जल डमरूमध्यको नियन्त्रणलाई लिइएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले ४४० किलोग्राम समृद्ध युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गरे, तर इरानले त्यसलाई अस्वीकार गर्दै यस्तो प्रस्ताव कहिल्यै वार्तामा नआएको स्पष्ट पारेको छ । इरानी विदेश मन्त्रालयका अनुसार उक्त भण्डार सुरक्षित स्थानमा रहेको छ र कुनै पनि हालतमा अमेरिकालाई सुम्पिने योजना छैन ।

फेब्रुअरी २८ मा सुरु भएको मध्यपूर्वीय द्वन्द्वले व्यापक रूप लिँदै इरान, खाडी देशहरू, इजरायल र लेबनानलाई समेटेको छ । लेबनानमा संयुक्त राष्ट्रसङ्घीय शान्तिरक्षकमाथि भएको आक्रमणमा एक फ्रान्सेली सैनिकको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले घटनाका लागि हिजबुल्लाहलाई दोष दिनुभएको छ, तर उक्त समूहले आरोप अस्वीकार गरेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले घटनाको निन्दा गर्दै प्रारम्भिक मूल्याङ्कनअनुसार आक्रमण हिजबुल्लाहबाट भएको देखिएको बताए । यस घटनाले क्षेत्रीय तनावलाई थप जटिल बनाएको छ र शान्ति प्रयासहरूमा चुनौती थपिएको छ । रासस

# खजुरा क्षेत्रमा फुटबलको आकर्षण बढ्दै

**बाँके ।**
पछिल्लो समय नेपालगञ्ज रङ्गशालामा दर्शक हराउँदै गएका बेला बाँकको खजुरा क्षेत्रमा भने फुटबल खेलप्रति स्थानीयको आकर्षण बढ्दै गएको छ । खजुरा क्षेत्रमा आयोजना हुने सानादेखि ठूला सबै फुटबल प्रतियोगितामा स्थानीय दर्शकको उल्लेख्य सहभागिता देखिन्छ ।



यहाँका गाउँमा हुने फुटबल प्रतियोगिता हेर्न टाढाटाढाबाट स्थानीय खेल मैदानसम्म पुग्ने गरेका छन् । अखिल नेपाल फुटबल सङ्घका केन्द्रीय सदस्य भोजराज शाहीले यहाँ हुने फुटबलमा खेलाडी र दर्शकको सहभागिताले खेलप्रति आकर्षण बढ्दै गएको देखाउने बताए ।

नेपालगञ्ज रङ्गशालामा हुने फुटबल प्रतियोगितामा दर्शक सङ्ख्या न्यून हुँदा खजुरा क्षेत्रमा भने यो सङ्ख्या बढ्दै गएको छ, उनले भने, खजुरा क्षेत्र फुटबल खेलाडी उत्पादनको उर्वर क्षेत्र हो, यहाँ फुटबलप्रति स्थानीयको छुट्टै खालको लगाव छ । खजुरा गाउँपालिकामा नियमितजसो ठूलासाना धनराशिका फुटबल प्रतियोगिता आयोजना भइरहने जनाउँदै शाहीले यसले खेलाडी र फुटबलप्रेमीलाई उत्साहित बनाएको धारणा राखे ।

खजुरा गाउँपालिका–४, डीगाउँमा करिब ६० लाखको खर्चमा एन्टी एरिना प्रथम खजुरा गोल्डकप सञ्चालन भइरहेको छ । प्रतियोगिताको विजेतालाई सात लाख र द्वितीयलाई चार लाख नगद पुरस्कार प्रदान गरिने आयो ेजक न्यू डाँफे स्पोटर्स क्लबका अध्यक्ष बालाराम खत्रीले जानकारी दिए । पहिलो पटक गाउँमा गोल्डकप आयोजना गर्दैछौँ, सबैको साथ र सहयोग प्राप्त भएको छ, उनले भने, करिब ५० हजार दर्शकले प्रतियोगितामा खेल अवलोकन गर्ने हाम्रो अनुमान छ ।” एन्टी एरिना प्रथम खजुरा गोल्डकपमा यस क्षेत्रका साथै नेपालगञ्ज र कोहलपुरबाट समेत दर्शक सहभागी हुने गरेका खत्रीले बताए । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले गाउँमा हुने यस्ता प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्नुका साथै फुटबल खेलको विकास हुने बताउँदै गोल्डकपलाई आगामी वर्षदेखि पालिकाको वार्षिक बजेटमा राखेर निरन्तरता दिने जानकारी दिए । रासस

# इन्धनको मूल्यवृद्धिले चितवनका १२५ ठेक्का रोकिन सक्ने



**चितवन ।**
पूर्वाधार विकास कार्यालय चितवनद्वारा सञ्चालित १२५ वटा ठेक्काका काम रोकिने अवस्थामा पुगेका छन् । इन्धनसहित आवश्यक वस्तुमा बढ्दो महँगीका कारण ती ठेक्कामा काम हुन नसक्ने अवस्थामा पुगेको हो ।

कार्यालयका प्रमुख वीरेन्द्रकुमार चौधरीका अनुसार यस कार्यालयमा २६७ वटा आयोजना रहेकामा अहिले ठेक्का सम्झौता भई २१७ वटा सञ्चालन भइरहेका छन् । तीमध्ये १२५ वटा आयोजनाको काम रोकिने अवस्थामा आएका उनले बताए ।

यसरी ठेक्का सम्झौता गर्ने समयमा भन्दा अहिले इन्धनको मूल्यमा भएको वृद्धि र अलकत्रा (विटुमिन) को समस्याका कारण पूर्वाधार विकासका काम रोकिने अवस्थामा पुगेका उनको भनाइ छ ।

प्रमुख चौधरीले भने, 'निर्माण व्यवसायीहरूले 'निर्माण होलिडे' (तत्कालका लागि रोक्न मिल्ने प्रकृतिका आयोजनालाई रोक्ने प्रक्रिया) को माग गर्दै कार्यालयमा पत्र बुझाएका छन् ।' इन्धनको मूल्य बढेपछि सबै क्षेत्रमा मूल्य वृद्धि हुँदा पूर्वाधार निर्माण प्रभावित बन्दै आएका उनको भनाइ छ ।

यस कार्यालयबाट ५० वटा आयोजना उपभोक्ता समितिबाट गर्नुपर्ने भए पनि ती आयोजनाको काम पनि हुन सकेको छैन । कार्यालयले अहिले १९ वटा पुल निर्माण गरिरहेको छ भने अन्य आयोजनाअन्तर्गत सडक निर्माण भइरहेका उनले बताए ।

कार्यालय प्रमुख चौधरीले भने, 'यस्तै अवस्था रहे यस कार्यालयबाट सुरु गरिएका आयोजनामध्ये ५० देखि ६० प्रतिशत काम सम्पन्न हुने अवस्था छैन ।' ६७ करोड बजेटबाट विकास निर्माण गर्दै आएको कार्यालयले सरकारको निर्णयअनुसार अघि बढ्ने निर्माण व्यावसायीलाई बताएको छ ।

निर्माण व्यवसायी सङ्घ चितवनका महासचिव पुष्कर अधिकारीले अहिलेको अवस्थामा निर्माण व्यवसायीले काम गर्न सक्ने अवस्था नभएको बताए । उनले यही अवस्थामा महँगी बढ्दै जाँदा काम गर्न नसकिने भएकाले निर्माण होलिडेका रूपमा सरकारले अघि बढाउन आवश्यक रहेको धारणा राखे । महँगीमा भएको वृद्धिका कारण बजेटमा समायोजन वा होलिडेका रूपमा राज्यले निर्माण व्यवसायीलाई सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए ।रासस

# बागमती प्रदेशसभा बैठक: विधेयकलाई अर्थ तथा विकास समितिमा पठाउन स्वीकृत




**मकवानपुर ।**
बागमती प्रदेशसभाको आइतबारको बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई दफाबार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरे ।

यसैगरी, उक्त बैठकमा प्रदेश खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई दफावार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गरे । सोही बैठकले ती दुवै प्रस्तावलाई अर्थ तथा विकास समितिमा पठाउन सर्वसम्मतिबाट स्वीकृत प्रदान गऱ्यो ।

बैठकमा विशेष समयमा बोल्दे प्रदेशसभाका सदस्यहरुले राष्ट्रिय सरोकारको विषयमा उठाएका विभिन्न प्रश्नको क्रमशः बागमती भौतिक पूर्वधार तथा योजनामन्त्री डा दिनेशचन्द्र देवकोटा, प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसूदनराज पौडेल, आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारी र वनमन्त्री भरत केसीले जवाफ दिएका थिए । बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि बजेटको तर्जुमा गरिने क्रममा बहुवर्षीय योजनालाई आवश्यकताअनुसार कार्यान्वयन गर्दै लैजाने सरकारको नीति रहेको बताए ।

उनले प्रदेशमा आर्थिक क्षेत्रलाई सन्तुलित रुपमा राख्न बजेटले आत्मसात् गरेको उल्लेख गर्दै केही दिनभित्रै बागमती प्रदेश मन्त्रिपरिषद् १४ मन्त्रालयबाट घटाएर मुख्यमन्त्रीसहित सात मन्त्रालय पदस्थापन गर्ने तयारी भइरहेको बताए । उनले विभिन्न मन्त्रालयबाट हुने आर्थिक स्रोतसाधनलाई दुरुपयोग हुने क्रमलाई नियन्त्रण गर्न सरकारले उच्चस्तरीय प्रशासनिक संरचनाबाट प्राप्त भएको सुझावलाई प्रदेश सरकारले कार्यान्वयन गर्दै लैजाने उल्लेख गरे । बैठकको विशेष समयमा सत्तापक्ष र प्रतिपक्षका सदस्यहरु सहभागी हुँदै प्रदेशको विभिन्न जिल्लामा बर्सातको मौसम सुरु भइसकेको हुँदा जिल्ला दैवीप्रकोप उद्धार समितिलाई प्रदेश सरकारले स्रोतसाधन उपलब्ध गराई जनधनको क्षति हुनबाट जोगाउनेतर्फ अग्रसर हुनुपर्ने सुझाव दिए । उनीहरुले प्रदेशको विभिन्न जिल्लामा विपन्न तथा सर्वसाधारण नागरिकलाई अहिले सङ्घीय सरकारले पेट्रोलियम पदार्थमा अति नै मूल्य वृद्धि गरेको कारणबाट सर्वसाधरणलाई दैनिक उपभोगको सामग्री मूल्य वृद्धि हुनाका साथै स्वास्थ्योपचार सेवामा पनि कठिनाइ भोग्नु परेको गुनासो आएकाले प्रदेश सरकारले सङ्घीय सरकारसँग समन्वय गरेर पेट्रोलियम पदार्थको मूल्य घटाउन माग गरेका थिए । प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्म र आइतबारको बैठक स्थगित गरेका छन् । रासस

# 'क्रुड आयल ' भन्दा प्रशोधित इन्धनको मूल्य बढी हुन्छ: आयल निगम




**काठमाडौं ।**
नेपाल आयल निगमले प्रशोधित पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यका आधारमा स्थानीय बजारमा खुद्रा बिक्री मूल्य निर्धारण हुँदै आएको जनाएको छ । 'क्रुड' आयल (कच्चा तेल) को मूल्यका तुलनामा नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढी तोकिएको भनी उपभोक्तालाई भ्रममा पार्ने प्रयास भइरहेको दाबी गर्दै निगमले त्यसमा कुनै सत्यता नरहेको स्पष्ट पारेको हो ।

क्रुड आयलको मूल्यलाई आधार बनाएर नेपालमा इन्धन महँगिएको भन्ने विश्लेषण भ्रामक रहेको निगमले जनाएको छ । नेपालसँग आफ्नै 'रिफाइनरी' नहुँदा कच्चा तेल आयात नगरी सोझै प्रशोधित पेट्रोल र डिजेल आयात गर्नुपर्ने बाध्यता रहेको निगमले जनाएको छ ।

'क्रुड आयलभन्दा प्रशोधित इन्धनको मूल्य स्वाभाविक रूपमा बढी हुन्छ, त्यसैले मूल्य तुलना गर्दा क्रुड होइन, प्रशोधित पेट्रोलियम पदार्थकै अन्तर्राष्ट्रिय मूल्य हेर्नुपर्छ', निगमका प्रवक्ता मनोज ठाकुरले भने ।

निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट पेट्रोलियम पदार्थ आयात गर्दै आएको छ । आईओसीबाट प्राप्त प्रशोधित पेट्रोल र डिजेलको खरिद मूल्यका आधारमा नेपालमा प्रत्येक १५÷१५ दिनमा मूल्य समायोजन हुँदै आएको छ ।

निगमले उपलब्ध गराएको तथ्यांकअनुसार १६ अप्रिल २०२६ मा क्रूड आयलको मूल्य प्रतिब्यारेल ९९.६ अमेरिकी डलर, पेट्रोल १३९.३ डलर र डिजेल २२८.१ डलर थियो । यस अवधिमा सबैभन्दा उच्च मूल्य २ अप्रिल २०२६ मा पुगेको थियो, जहाँ क्रूड आयल ११८.३ डलर, पेट्रोल २६२.० डलर र डिजेल ३३४.४ डलर प्रति ब्यारेल पुगेको देखिन्छ । सामान्य अवस्थामा क्रुड आयल र पेट्रोलबीच करिब १० डलर तथा क्रुड आयल र डिजेलबीच करिब २० डलरको अन्तर रहने भए पनि पछिल्लो अन्तर्राष्ट्रिय परिस्थितिमा यो अन्तर क्रमशः करिब १४४ डलर र २१६ डलरसम्म पुगेको निगमले जनाएको छ । यसले प्रशोधित इन्धन आयात गर्ने मुलुकहरूमा मूल्यवृद्धिको दबाब थप बढाएको छ । निगमका अनुसार भन्सार, कर, ढुवानी, बीमा, भण्डारण र सेवा शुल्कजस्ता पक्षहरूले पनि अन्तिम खुद्रा मूल्य निर्धारणमा प्रभाव पार्नेछ ।

निगमले यही बैशाख ३ गतेदेखि नेपालमा डिजेल÷मट्टितेलमा प्रतिलिटर ३० र हवाई इन्धनमा प्रतिलिटर ५ रुपैयाँले वृद्धि गरेको थियो । निगमले डिजेल÷मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर २३४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि २३६ रुपैयाँ र तेस्रो वर्गका लागि २३७ रुपैयाँ तोकेको छ । मूल्य वृद्धिपश्चात पनि डिजेलमा प्रतिलिटर ९९ रुपैयाँ १६ पैसा घाटा भइरहेको निगमले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा दैनिक बढोत्तरी आउँदा १५ दिनमा करिब ५ अर्ब ७५ करोड रुपैयाँ घाटा हुने प्रवक्ता ठाकुरले बताएका छन् ।रासस

# संघीय सरकारको निर्देशिकासँग बाँझिने शुल्क निर्धारण



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट नगरपालिकाले संस्थागत विद्यालयको शुल्क निर्धारण गरेको छ । सङ्घीय सरकारले तयार पारेको निर्देशिकासँग बाँझिने गरी नगरपालिकाले शुल्क निर्धारण गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२' जारी गरेको छ । निर्देशिकाले निजी विद्यालयको शुल्क सीमा निर्धारण गरेको छ । गैँडाकोट नगरपालिकाको २०८० चैत २९ गते बसेको १४औँ नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारण गरेको छ ।

गैँडाकोटभित्र सञ्चालनमा रहेका विद्यालयलाई तीन वर्गमा वर्गीकरण गर्दै पालिकाले विद्यालयले लिन पाउने शुल्क नै तोकेर निर्णय गरेको छ । विद्यालयले लिन पाउने भर्ना शुल्क, वार्षिक शुल्क, मासिक शुल्क, परीक्षा शुल्क पालिकाले तोकेर निर्धारण गर्दा पालिकाले गरेको निर्णयमा परीक्षा शुल्क सङ्घीय सरकारले तोकेकोभन्दा दोब्बरले बढी लिन पाउने गरी निर्णय गरेको भेटिएको छ ।

पालिकाले ग वर्गका लागि तोकेको शुल्कको थप १५ प्रतिशत रकम ख वर्गको विद्यालय र त्यसको थप १५ प्रतिशत रकम क वर्गको विद्यालयले लिन पाउने गरी शुल्क निर्धारण गरेको पाइएको छ । संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ को क्रम सङ्ख्या ३ मा परीक्षा शुल्क शीर्षकमा मापदण्ड विवरण प्रस्तुत गर्दै, 'प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतमा नबढाइकन वार्षिक वा किस्तामा लिनुपर्नेछ । परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाण पत्र छपाइबापतको खर्च यसैभित्र समेट्नुपर्नेछ' भनी उल्लेख गरिएको छ ।

गैँडाकोट नगरपालिकाको नगर कार्यपालिकाले गरेको निर्णय नम्बर १ को शुल्कका अन्य आधारहरुको क्रम सङ्ख्या ३ मा परीक्षा शुल्कबारे उल्लेख गरिएको छ । परीक्षा शुल्कको अधिकतम सीमा भनेर 'एक वर्षमा एक महिनाको मासिक शुल्क बराबर' शुल्क लिन पाउने भनेर निर्णय गरिएको छ । शिक्षा मन्त्रालयको निर्देशिकाले तोकेको संस्थागत विद्यालयले लिन पाउने परीक्षा शुल्कसँग पालिकाले निर्णय गरेर तोकेको परीक्षा शुल्क बाझिएको भए पनि यसलाई सच्याउनतर्फ पालिकाले ध्यान दिएको छैन ।

गैँडाकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका (नगर शिक्षा अधिकारी) डा बालकृष्ण चापागाईले सङ्घीय सरकारको निर्देशिका हेरेर नै आफूहरुले शुल्क निर्धारण सिफारिस गरेको बताए । हामीले सङ्घीय शिक्षा नियमावलीअनुसार नै हुनेगरी शुल्क निर्धारण गरेका छौँ, उनले भने, शिक्षा नियमावलीको सबै कुरा फलो गर्दा त अभिभावकले धेरै चर्को शुल्क तिर्नुपर्ने देखिएपछि हामीले शुल्क नै तोकेर निर्णय गराएका थियौँ । यो परीक्षा शुल्क अहिल्यै पुनरावलोकन नभए पनि हरेक तीन वर्षमा शुल्क निर्धारण र पुनरावलोकन हुने चापागाईको भनाइ छ ।

गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारी भने सङ्घीय निर्देशिका विपरीत हुन गएको शुल्कलाई परिमार्जन गर्न सकिने बताउछनु । हामी सङ्घीय सरकारलाई चुनौती दिएर अगाडि बढ्न सक्दैनौँ, नियम पालन गरेर अगाडि बढ्ने हो, उनले भने, हामी अब फेरि एकपटक निर्देशिका अध्ययन गर्छौं, निर्देशिका विपरीत भएको शुल्कलाई कार्यपालिका बैठकबाट पुनरावलोकन गराउँछौँ । विद्यार्थीको हित र पढाइलाई गुणस्तरीय बनाउने गरी नगर कार्यपालिका बैठकले शुल्क निर्धारण गरेको अधिकारीको भनाइ छ ।

गैँडाकोट नगरपालिका नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने मासिक शुल्क भन्दै ग श्रेणीका विद्यालयका लागि पूर्वप्राथमिक तहका लागि अधिकतम दुई हजार ३०८ रुपैयाँ लिन पाउने व्यवस्था गर्दै एउटा कक्षामा बढीमा ३० विद्यार्थी राख्न पाइने व्यवस्था गरेको थियो । त्यस्तै प्राथमिक तह (कक्षा १–५)का लागि अधिकतम रु दुई हजार ८७५ प्रत्येक माथिल्लो कक्षाका रु ५० वृद्धि गर्नसक्ने व्यवस्था गरेको थियो ।

निम्न माध्यमिक तह (कक्षा ६–८) का लागि रु तीन हजार १२७ शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु १०० वृद्धि गर्नसक्ने व्यवस्था गरेको नगर शिक्षा अधिकारी चापागाईले बताए ।

त्यस्तै माध्यमिक तह (कक्षा ९–१०) का लागि रु तीन हजार ९३४निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु १५० वृद्धि गर्न सकिने निर्णय भएको चापागाईको भनाइ छ । उनका अनुसार कक्षा १ देखि कक्षा १० सम्म हरेक कोठामा अधिकतम ३३ जना विद्यार्थी राखेर अध्यापन गराउन पाइनेछ । पालिकाले माध्यमिक तह (कक्षा ११–१२) का लागि रु चार हजार ५२५ मासिक शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा रु २०० वृद्धि हुनसक्ने तथा एउटा कोठामा ४० जनासम्म विद्यार्थी राख्न पाउने निर्णय गरेको थियो ।

विभिन्न १५ शीर्षकमा विद्यालयले विद्यार्थीसँग शुल्क लिन पाउनेगरी पालिकाले निर्णय गरेको छ । यसैबीच, गैँडाकोट नगरपालिकाले यही वैशाख ९ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्न विद्यालयलाई दिर्नेशन दिएको छ । पालिकाको निर्देशनअनुसार यहाँका संस्थागत विद्यालयहरुले वैशाख ९ गतेदेखि नै पढाइ सुरु गर्ने तयारी गरेका छन् ।रासस

# गीत बज्छ स्रष्टा हराउँछन्

**पोखरा ।**
गीत बज्ने तर त्यसका स्रष्टा ओझेलमा पर्ने प्रवृत्तिविरुद्ध पोखराबाट सशक्त आवाज उठेको छ । अब कुनै पनि साङ्गीतिक प्रस्तुति दिँदा गीतकार, सङ्गीतकार र गायक÷गायिकाको नाम अनिवार्य रूपमा उच्चारण गर्नुपर्ने माग सरोकारवालाहरूले गरेका छन् ।

पोखरामा गीतकार प्रतिष्ठान, नेपालद्वारा आयोजित 'नेपाली गीत÷सङ्गीतमा रचनाकार, सङ्गीतकार र गायक÷गायिकाको भूमिका' विषयक अन्तरक्रियामा प्रस्तुत अवधारणापत्रमार्फत यस्तो माग अघि सारिएको हो । प्रतिष्ठानका अध्यक्ष अनुराग अधिकारीले साङ्गीतिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरेर सात बुँदे अवधारणापत्र तयार पारिएको जानकारी दिए ।

अधिकारीका अनुसार अवधारणापत्रले एउटा गीत शब्द, सङ्गीत र स्वरको संयुक्त सृजना भएकाले तीनै पक्षको समान पहिचान सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ । त्यसअनुसार रियालिटी शो, प्रतियोगिता, मञ्चीय कार्यक्रम वा नृत्य प्रस्तुतिमा समेत गीतकार, सङ्गीतकार र गायक÷गायिकाको नाम अनिवार्य उच्चारण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले साङ्गीतिक क्षेत्रभित्र देखिएको पहिचानको समस्या समाधान गर्न अब केवल बहस होइन, व्यवहारमै परिवर्तन आवश्यक रहेको सन्देश पोखराबाट उठेको बताए ।

गीतसँगै स्रष्टाको नाम पनि गुञ्जिने वातावरण बनाउन सकेमात्र सर्जकको सम्मान र अधिकार सुनिश्चित हुने तथा स्रष्टाको नाम उच्चारण गर्ने विषयमा विशेषगरी सञ्चारमाध्यमहरू सचेत हुनुपर्ने उनको भनाइ छ । उनले स्रष्टाले आफ्नो अस्तित्वको खोजी गरिरहेको उल्लेख गर्दै रोयल्टी व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्ने धारणा राखे ।

वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले आफ्ना गीत अरूकै नाममा रेकर्ड हुने र प्रस्तुति दिँदा नामसमेत नलिइने अवस्थाप्रति दुःख व्यक्त गर्दै कार्यक्रम स्रष्टाको न्यायका लागि केन्द्रित भएको बताए । उनले प्रतिलिपि अधिकारबारे सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए । विम्बकवि तथा गीतकार रमेश श्रेष्ठले स्रष्टाबिना सृजना सम्भव नहुने भन्दै स्रष्टालाई प्राथमिकता दिनुपर्ने बताए ।

त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालले गुणस्तरीय सङ्गीत उत्पादनका लागि गीतकार, सङ्गीतकार र गायक÷गायिकाबीच संवाद र सहकार्य आवश्यकतामा जोड दिए ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सूर्य खड्का 'बिखर्ची'ले एकले अर्काको अस्तित्व स्वीकार्नुपर्ने बताए । गायक कर्णदास, गायक रामभक्त जोजिजू, गायक विनोद बानियाँले देशविदेशमा हुने प्रस्तुतिहरूमा गीतसँग सम्बद्ध सबैको नाम अनिवार्य उच्चारण गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा अन्तरराष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष देवेन्द्र केसी 'देवु' र गुरुङ चलचित्रका नायक ताराबहादुर गुरुङलगायतले पनि अवधारणापत्रमाथि धारणा राखेको थियो । कार्यक्रमकै अवसरमा प्रतिष्ठानद्वारा प्रकाशित भित्तेपात्रो विमोचन गर्नुका साथै २४ नयाँ आजीवन सदस्यलाई सदस्यता प्रदान गरिएका सचिव रुपिन्द्र प्रभावीले जानकारी दिए । रासस

# ३ महिनामा ८५ प्रतिशत बजेट खर्च गर्नुपर्ने बाध्यता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२–८३ को ९ महिनाको वित्तीय प्रगति अत्यन्त कमजोर देखिएको छ । विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पूँजीगत बजेट खर्चमा उल्लेख्य गिरावट देखिँदा प्रदेश सरकारको कार्यान्वयन क्षमता माथि प्रश्न उठेको छ ।

प्रदेश सरकारले चालु आवका लागि पूँजीगततर्फ ३० अर्ब ८६ करोड १७ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेको थियो । तर ९ महिनाको अवधिमा जम्मा ९.०४ प्रतिशत मात्र खर्च भएको छ । रकमका आधारमा हेर्दा दुई अर्ब ७८ करोड ९१ लाख १० हजार १ सय ७९ रुपैयाँ मात्रै खर्च भएको हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार मन्त्रालयगत रूपमा अर्थ मन्त्रालयले सबैभन्दा बढी १९.०८ प्रतिशत पूँजीगत बजेट खर्च गरेको छ भने खेलकुद तथा समाज कल्याण मन्त्रालय सबैभन्दा कमजोर देखिएको छ, जसले ०.१४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । सबैभन्दा बढी बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले १६ अर्ब ५८ करोड ७० लाख ८४ हजार ७ सय ३८ रुपैयाँमध्ये १३.६६ प्रतिशत अर्थात दुई अर्ब २६ करोड ५७ लाख ५६ हजार ७ सय ९५ रुपैयाँ खर्च गरेको छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले तीन अर्ब ८७ करोड ६६ लाख ८८ हजार रुपैयाँमध्ये ४.१५ प्रतिशत मात्र खर्च गरेको छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले १.१५ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २.७३ प्रतिशत पूँजीगत बजेट खर्च गरेका छन् । यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयले ३.३६ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १०.९० प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४.९१ प्रतिशत, गृह, सञ्चार तथा कानून मन्त्रालयले १०.०७ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ७.४४ प्रतिशत तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ६.८५ प्रतिशत खर्च गरेका छन् ।

संवैधानिक निकायहरूमध्ये प्रदेशसभाले १५.२० प्रतिशत खर्च गर्दा प्रदेश लोकसेवा आयोगले १.७३ प्रतिशत मात्र खर्च गरेको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयले ५८.५७ प्रतिशत खर्च गरेको छ भने प्रदेश नीति तथा योजना आयोगले शून्य प्रतिशत खर्च गरेको तथ्यांकले देखाउँछ ।

तत्कालीन अर्थमन्त्री सुनिल यादवले प्रस्तुत गरेको ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको कुल बजेटमध्ये नौ महिनामा समग्र खर्च १४.९४ प्रतिशत मात्र पुगेको छ । चालुतर्फ २६.२३ प्रतिशत खर्च भए पनि पूँजीगत खर्च न्यून हुँदा समग्र प्रगति कमजोर बनेको हो ।

अब बाँकी तीन महिनामा करिब ८५ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाब प्रदेश सरकारमाथि परेको छ । करिब ३९ अर्ब ९६ करोड रुपैयाँ वैशाख, जेठ र असार गरी ८७ दिनभित्र खर्च गर्नुपर्ने अवस्था रहेको छ, जसले असार अन्त्यतिर हतारमा खर्च गर्ने प्रवृत्ति दोहोरिने संकेत गरेको छ ।

यसैबीच प्रदेश सरकारले १५ अर्ब रुपैयाँभन्दा बढीका योजना तथा बजेट कटौती गर्ने तयारीसमेत थालेको छ । लक्ष्यअनुसार राजश्व संकलन नभएको, आन्तरिक स्रोत कमजोर रहेको तथा संघीय सरकारको बजेट कटौती नीतिका कारण यस्तो निर्णय लिन लागिएको अर्थ मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्ष २०८१–८२ मा ७१.४८ प्रतिशत बजेट खर्च गरेको मधेश प्रदेश सरकारले यस वर्ष भने निकै कमजोर प्रगति देखाएको छ, जसले योजना कार्यान्वयन, प्रशासनिक क्षमता र नीति कार्यान्वयनको अवस्थालाई पुनः बहसको विषय बनाएको छ ।

# जगदगुरु रामभद्राचार्यको प्रधानमन्त्री बालेनप्रति कडा टिप्पणी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जानकी नवमीको अवसर पारेर जगदगुरु रामभद्राचार्य जनकपुरधाम आई पुगेका छन् । उनले जानकी मन्दिरमा विशेष पूजा–अर्चना गरेका हुन् ।

पूजा सम्पन्न गरेपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले नेपालका प्रधानमन्त्री बालेन्द्र शाह प्रति कडा टिप्पणी गरेका छन् । उनले प्रधानमन्त्री शाहको भारतप्रतिको व्यवहार उचित नरहेको आरोप लगाउँदै हिन्दुत्वप्रति आवश्यक प्रतिबद्धता नदेखिएको बताएका छन् ।

'बालेन युवा हुनुहुन्छ, तर उहाँमा राजनीतिक चेतनाको अभाव देखिन्छ,' उनले भने, 'भारतले निरन्तर सहयोग गर्दै आएको अवस्थामा त्यसको ख्याल नगरी देखाइएको रबैया उचित होइन ।'

रामभद्राचार्यले नेपालले आत्मनिर्भर बन्नुपर्ने धारणा राख्दै विशेषगरी चीन र अमेरिका जस्ता शक्तिशाली राष्ट्रमाथि निर्भर नहुनुपर्ने बताएका छन् । 'हामी भारत समृद्ध होस् भन्ने चाहन्छौँ, तर नेपाल पनि कसैमाथि निर्भर नरहोस्,' उनले भने ।

उनले नेपालमा पछिल्लो समय बढ्दै गएको धर्मान्तरणप्रति चिन्ता व्यक्त गर्दै यसलाई हिन्दुत्वका लागि खतरा भएको बताए । 'धर्मान्तरण रोक्न आवश्यक छ,' उनको भनाइ थियो ।

रामभद्राचार्यले भारत सरकारले नेपाललाई विगतदेखि सहयोग गर्दै आएको र आगामी दिनमा पनि निरन्तर सहयोग रहने दाबी गरे । जानकी मन्दिर दर्शनका लागि आइतबार जनकपुरधाम आएका रामभद्राचार्यको सीतामढी स्थित पुनौराधाममा समेत पूजा–अर्चना गर्ने कार्यक्रम रहेको छ ।

# सीमामा कडाइका कारण पर्न सक्छ नेपाल–भारत सम्बन्धमा असर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शनिबार दिउँसो साढे ३ बजेतिर भारतीय बजार भिठामोडबाट टाउकोमा चामलको बोरा बोकेर नेपाल छिर्दै गरेकी महोत्तरी, जलेश्वरकी संगीता यादव त्रसित थिइन् । केही दिनअघिसम्म सहज रूपमा किनमेल गरेर फर्किने उनीजस्ता सर्वसाधारण अहिले सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने कडाइका कारण अन्योलमा परेका छन् ।

भन्सार कडाइबारे जानकारी नपाई भारत पुगेकी उनले अन्ततः २० किलोको एक बोरा चामल मात्र लिएर फर्किनुपर्‍यो । 'टाढाबाट भाडा तिरेर बजार पुगेकी थिएँ, त्यहाँ पुगेपछि मात्र कडाइ भएको थाहा पाएँ,' उनले भनिन्, 'अब यो चामलमा पनि भन्सार लाग्छ कि भन्ने डर छ ।'

सरकारले भन्सार महसुल ऐन, २०८१ को दफा १३(३) अनुसार यात्रुले सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था गरे पनि पछिल्ला दिनसम्म यसको कडाइ गरिएको थिएन । तर हाल गृह मन्त्रालयको निर्देशनपछि सशस्त्र प्रहरीले सीमा नाकाहरूमा माइकिङ गर्दै कडाइ सुरु गरेपछि सीमावर्ती क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित भएका छन् ।

स्थानीयहरूका अनुसार नेपाली बजारमा दैनिक उपभोग्य वस्तु महँगो भएका कारण सीमापारि भारतका बजारमा निर्भरता बढेको छ ।

महोत्तरीको भिठामोड नाकामा प्रहरीले केही लचकता देखाए पनि कडाइको खबर फैलिएसँगै सीमापारि जानेहरूको संख्या घट्न थालेको छ । सीमा क्षेत्रमा खटिएका एक सशस्त्र प्रहरीका अनुसार 'नियमपछि मानिसहरू सचेत भएका छन् र बजार जाने चाप कम भएको छ ।'

मधेश प्रदेशका विभिन्न जिल्ला—धनुषा, सिराहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साका नाकाहरूमा पनि उस्तै अवस्था देखिएको छ । सशस्त्र प्रहरीका अनुसार मधेश प्रदेशमा नेपाल–भारत सीमा ४ सय ६१.८ किलोमिटर फैलिएको छ, जहाँ २ सय ८८ वटा नाकाहरू र १ सय ६८ वटा चेकप्वाइन्ट सञ्चालनमा छन् ।

खुला सीमाका कारण सहज आवागमनसँगै सानो–ठूलो व्यापार हुँदै आएको छ । तर यही सहजताले तस्करीलाई पनि प्रश्रय दिएको भन्दै सरकारले कडाइ गरेको हो । स्थानीयहरू भने साना उपभोक्तामाथि कडाइ गरिनु अन्याय भएको बताउँछन् ।

सय रुपैयाँको सीमाले सदियौँदेखिको सामाजिक र सांस्कृतिक सम्बन्धमा समेत असर पार्ने चिन्ता बढेको छ । मधेशी समाजमा आफन्तबीच उपहार र कोसेली लैजाने परम्परा छ । सम्सी गाउँपालिका–६ का जम्सैद नदाफ भन्छन्, 'अब विवाह वा अन्य अवसरमा कोसेली लैजान पनि समस्या हुने भयो, यो नियममा पुनर्विचार गर्नुपर्छ ।'

धनुषाको जटही नाकामा देखिएको एक घटनाले समस्या झनै उजागर गरेको छ । भारतको जयनगरबाट छोरीको विवाहका लागि फर्निचर लिएर जनकपुर आउँदै गरेकी रामकला देवी महरालाई नाकामै रोकियो । १५ हजार रुपैयाँको सामानमा २० हजार भन्सार मागिएपछि उनी घण्टौँ अलपत्र परिन् । 'छोरीलाई दिने सामान ल्याउँदा यस्तो सास्ती हुन्छ भने कसरी सम्भव हुन्छ ?' उनले गुनासो गरिन् ।

सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डीआईजी कृष्ण ढकालले भने यो कडाइ नागरिकलाई दुःख दिन नभई सरकारी नीति कार्यान्वयनका लागि गरिएको स्पष्ट पारे । 'हाम्रो उद्देश्य राजस्व वृद्धि र कर तिर्ने संस्कृतिको विकास गर्नु हो,' उनले भने, 'यसमा सम्झौता हुँदैन ।'

यद्यपि, सीमावर्ती क्षेत्रका नागरिकमा बढ्दो असन्तुष्टिले राजनीतिक तहमा समेत दबाब सिर्जना गर्न थालेको छ । सत्तारुढ दलभित्रै पनि यो नियमले आमजनतामा पारिरहेको प्रभावलाई ध्यानमा राख्दै पुनर्विचार गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

# रेल्वे सेवा ७९ करोड ऋणमा

**जनकपुरधाम ।**
नेपालको एक मात्र रेल्वे सेवा प्रत्येक वर्ष घाटामा गइरहेको छ । रेल्वे सेवा घाटामा गइरहेकाले योजनाबद्ध रूपमा कार्यसम्पादन गर्नुपर्ने र व्यवस्थापनमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

लामो समयदेखि महाप्रबन्धक पद रिक्त रहेकाले व्यवस्थापनमा समस्या हुँदै आएको भएको नेपाल रेल्वे कम्पनी लिमिटेडका कर्मचारीहरू बताउँछन् । लिमिटेडका अनुसार पछिल्लो पाँच वर्षको तथ्याङ्कले कम्पनीको आम्दानीभन्दा खर्च करिब तेब्बरभन्दा बढी रहेको देखाउछ । सोही कारण रेल्वे सेवा दीर्घकालीन रूपमा आर्थिक सङ्कटतर्फ गइरहेको जानकारहरू बताउँछन् ।

कम्पनीको व्यावसायिक कार्ययोजना, २०८२ अनुसार आर्थिक वर्ष २०७६–७७ देखि आव २०८०–८१ सम्म १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको उल्लेख छ । पछिल्लो आर्थिक वर्ष २०८०–८१ मा मात्र आठ करोड ५० लाख रुपैयाँ आम्दानी हुँदा २६ करोड २७ लाख रुपैयाँ खर्च भएको कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाले बताए ।

उनका अनुसार अहिले मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ भए पनि खर्च एक करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ । आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको झाको भनाइ छ । 'विसं २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित कुल ऋण ७९ करोड रुपैयाँ नाघिसक्दा कम्पनीमाथि थप आर्थिक दबाब सिर्जना गरेको छ,' उनले भने, 'यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ ।'

पूर्वमहाप्रबन्धक झाका अनुसार भारतको जयनगरबाट जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक सञ्चालन हुँदै आएको छ । घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको उनको भनाइ छ ।

हाल यहाँ १७ जना भारतीय कर्मचारी कार्यरत रहेका जनाउँदै पूर्वमहाप्रबन्धक झाले त्यसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब एक करोड १२ लाख रुपैयाँ भुक्तानी गर्दै आएको बताए । उनका अनुसार नेपालीतर्फ १ सय ३ कर्मचारीको कुल तलब १७ लाख रुपैयाँ छ ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेसन मास्टरको अभाव, फ्युलिङ स्टेसन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । साथै कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा व्यवस्थापन कमजोर बनेको छ ।

विसं १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो । विसं २०७८ चैत १९ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ । कम्पनीले रेल्वेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ । रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब आठ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

साथै पुरानो न्यारो गेज रहँदाको कोइला इन्जिन सहितका चीजहरुलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत आय बढाउने योजना पनि अघि सारेको छ । स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन् । स्थानीयका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन । तत्कालीन महाप्रबन्धक झाले नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा शीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका थिए । उनले आफ्नो कार्यकालमा रेल्वेमा वोगी थपेर वा नयाँ रेल थपेर कार्गो सेवा सञ्चालन गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको जानकारी दिए ।

भारतको कलकत्ता बन्दरगाहबाट सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्ने कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुर क्षेत्रका व्यवसायीले माग गर्दै आए पनि हालसम्म सञ्चालन हुन सकेको छैन । जनकपुरका व्यवसायीका अनुसार कार्गो सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज हुनुका साथै सस्तो पनि हुने थियो ।

समयमा व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने जानकारहरू बताउँछन् ।

बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप सङ्कटमा पर्ने निश्चितजस्तै देखिएको धनुषाका ६० वर्षीय रामकुमार झाले बताए । रेलले दैनिक जीवन सहज बनाएकाले यसको थप विस्तार र उचित व्यवस्थापन हुनुपर्नेमा उनले जोड दिए । रासस

# विद्युत् लाइन काटिँदा १६ सय परिवार खानेपानीबाट वञ्चित

**रौतहट ।**
कटहरिया नगरपालिकामा विद्युत् आपूर्ति अवरुद्ध हुँदा करिब १ हजार ६ सय परिवार खानेपानी सेवाबाट वञ्चित भएका छन् ।

विद्युत् महसुल नबुझाइएका कारण नेपाल विद्युत् प्राधिकरण मौलापुर शाखाले नगरपालिका कार्यालय तथा वडा नं. ५ स्थित खानेपानी उपभोक्ता समितिको विद्युत् लाइन काटेपछि समस्या उत्पन्न भएको हो ।

तीन दिनअघि प्राधिकरणको टोलीले खानेपानी उपभोक्ता समितिको विद्युत् मिटर हटाएको थियो भने त्यसपछि नगरपालिकाको कार्यालयको विद्युत् लाइनसमेत काटिएको जनाइएको छ ।

विद्युत् आपूर्ति अवरुद्ध हुँदा नगरपालिकाको दैनिक प्रशासनिक कामकाज प्रभावित भएको छ भने चर्को गर्मीका बीच कटहरिया–४ र ५ का स्थानीयवासी खानेपानी अभाव झेल्न बाध्य भएका छन् ।

वडा नं. ४ का अध्यक्ष चन्दन कुशवाहाले विद्युत् महसुल समयमै भुक्तानी नगर्दा यस्तो अवस्था सिर्जना भएको बताउँदै यसप्रति दुःख व्यक्त गरे । उनका अनुसार मेयर अजय प्रकाश जैसवालको लापरवाहीका कारण सेवाग्राहीहरू समस्यामा परेका छन् । वडा नं. ५ का अध्यक्ष सर्फलाल गुप्ताले पनि यसअघि समेत पटक–पटक विद्युत् लाइन काटिँदै आएको जानकारी दिए ।

नेपाल विद्युत् प्राधिकरण मौलापुरका प्रमुख उमेश दाशका अनुसार नगरपालिकाले करिब ७३ हजार रुपैयाँ तथा खानेपानी उपभोक्ता समितिले १३ लाख ५१ हजार ४ सय रुपैयाँभन्दा बढी विद्युत् महसुल तिर्न बाँकी छ ।

बारम्बार ताकेता गर्दा पनि भुक्तानी नभएकाले मिटर हटाउनुपरेको उनले बताए । यद्यपि प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा उपचार सेवा प्रभावित हुन सक्ने भन्दै त्यहाँको विद्युत् लाइन भने नकटाइएको उनको भनाइ छ ।

कटहरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीले नगरपालिकातर्फको बक्यौता रकम दुई दिनभित्र भुक्तानी गर्ने प्रतिबद्धता व्यक्त गरे । तर खानेपानी उपभोक्ता समितिको बक्यौता भने नगरपालिकाले तिर्न नसक्ने उनले स्पष्ट पारे ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले नगरपालिकाले पानी महसुल निःशुल्क घोषणा गरेकाले सोहीअनुसार विद्युत् महसुल पनि पालिकाले तिर्नुपर्ने माग गरे । यसअघि पनि पालिकाले नै शुल्क भुक्तानी गर्दै आएको उनको भनाइ छ ।

बढ्दो गर्मीका कारण पानीको अभाव झन् गम्भीर बन्दै गएको भन्दै स्थानीय उपभोक्ताहरूले तत्काल विद्युत् महसुल तिर्न माग गरेका छन् । माग सम्बोधनमा ढिलाइ भए आन्दोलनमा उत्रिने चेतावनीसमेत उनीहरूले दिएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन